# कृषि विभागको संक्षिप्त चिनारी
## (आ.व. २०७९/८०)




नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कृषि विभाग**
हरिहरभवन, ललितपुर

**फोन**: +९७७-१-५५२१०७६/५५२१६४८
**इमेल**: doa.agri2014@gmail.com, **वेबसाइट**: www.doanepal.gov.np

# कृषि विभागको संक्षिप्त चिनारी


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**कृषि विभाग**

हरिहरभवन, ललितपुर

२०८०

# कृषि विभागको संक्षिप्त चिनारी

(आ.व. २०७९/८०)

**प्रकाशक**

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**कृषि विभाग**

हरिहरभवन, ललितपुर

प्रकाशन मिति : २०८० असार

छपाई प्रति : २००० प्रति

**स्रोत उद्धृत गर्ने ठेगाना:**

कृषि विभाग, वि.सं. २०८०, कृषि विभागको संक्षिप्त चिनारी, आ.व. २०७८/७९ । कृषि विभाग, हरिहरभवन, ललितपुर, नेपाल ।

# मन्तव्य



देशको झण्डै ६० प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागि कृषि क्षेत्रमा निर्भर छन् भने यस क्षेत्रले कूल गार्हस्थ उत्पादनमा करिब २४ प्रतिशत योगदान गर्दछ । राष्ट्रिय जनगणना २०७८ ले नेपालको जनसंख्या करिब ३ करोड देखाएको छ जुन निरन्तर बढी रहेको छ । यद्यपि, कृषि गर्ने जमिन भने सीमित छ र त्यो विभिन्न कारणहरूले घट्दो क्रममा छ । प्रति परिवार खेतीयोग्य जमिन ०.६८ हेक्टर मात्र हुनु र त्यो पनि खण्डिकृत रूपमा रहनु चुनौतीपूर्ण छ ।

देशमा भएका विभिन्न राजनीतिक परिवर्तनहरूसँगसँगै प्रशासनिक संरचनाहरूमा पनि परिवर्तनहरू भए । कृषि क्षेत्र विकासको लागि सरकारी योजना तथा कार्यक्रमहरू कार्यान्वन गर्ने संस्थागत संरचनाहरूमा पनि विभिन्न खाले उतारचढावहरू आए । हाल यस विभागको संरचना र भूमिका खुम्चिएको छ । तीन तहको सरकार बीच कृषि प्रसारका कार्यहरू बाँडिएकोले सोको समन्वय र राष्ट्रिय कृषि तथ्याङ्क प्रणालीलाई व्यवस्थित बनाउने काम चुनौतीपूर्ण छ ।

यस पुस्तकमा ऐतिहासिक कृषि विभागको जीवन्त इतिहास र वर्तमान सांगठनिक परिवेशलाई प्रस्तुत गरिएको छ । पुस्तिका तयारी र सम्पादनको जिम्मेवारी निर्वाह गर्नु हुने विभागका उप-महानिर्देशक जानुका पण्डित, वरिष्ठ कृषि अर्थ विज्ञ सुनिल कुमार सिंह, कृषि प्रसार अधिकृत रविकिरण अधिकारी तथा बाली संरक्षण अधिकृत दमोदर पोखेल विशेष धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै, यस कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण कर्मचारीहरूलाई समेत धन्यवाद दिन चाहन्छु । यस पुस्तिका कृषि क्षेत्रमा चाख राख्ने सबैलाई उपयोगी हुने छ भन्ने विश्वास लिएको छु । अन्त्यमा, यो महत्वपूर्ण प्रकाशनलाई अझ गुणस्तरीय र विश्वसनीय बनाउनका लागि यहाँहरूको अमूल्य सुझावको समेत अपेक्षा गर्दछु ।

डा. हरि बहादुर के.सी.
महानिर्देशक

# विषय सूची


**नेपालको कृषि क्षेत्रको संक्षिप्त परिचय** **१**

पृष्ठभूमि १

नेपालको संविधानमा कृषि क्षेत्र १

नेपालको संविधानमा उल्लिखित तीन तहका अधिकार सूचीको विस्तृतीकरण ३

कृषि क्षेत्रको प्रमुख समस्या ४

चुनौती ५

अवसर ६

**कृषि विभाग** **७**

कृषि विभागको ऐतिहासिक पृष्ठभूमि ७

दुरदृष्टि ८

लक्ष्य ८

उद्देश्य ९

कार्य विवरण ११

**महाशाखा तथा शाखाहरूको विवरण** **१४**

(क) योजना, अनुगमन तथा व्यवस्थापन महाशाखा १४

(ख) कृषि उत्पादकत्व महाशाखा १८

(ग) प्रविधि तथा समन्वय महाशाखा २०

(घ) केन्द्रीय आयोजना व्यवस्थापन एकाइ २२

**विभाग र केन्द्र तथा फार्महरूको श्रेणीगत दरवन्दी** **२३**

क) कार्यालयहरूको श्रेणीगत दरवन्दी २३

ख) प्राविधिक दरवन्दी २५

ग) प्रशासनिक तथा अन्य दरवन्दी २५

**कृषि विभाग मातहतका निकायहरू** २६

१. कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, हरिहरभवन २७

२. बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर ३१

३. राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द, खुमलटार ३८

४. राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर ४६

५. व्यवसायिक कीट विकास केन्द्र, हरिहरभवन ५५

६. केन्द्रीय कृषि प्रयोगशाला (माटो, बीउ, बाली संरक्षण), हरिहरभवन ६२

**कृषि विभाग अन्तर्गतका आयोजनाहरू** ६५

# नेपालको कृषि क्षेत्रको संक्षिप्त परिचय

## पृष्ठभूमि

देशका करिब ६० प्रतिशत जनता कृषिमा संलग्न रहेको यस मुलुकको कृषि नै ग्रामीण जनताको आय तथा रोजगारीको प्रमुख स्रोतको रूपमा रहेको छ। कूल गार्हस्थ्य उत्पादनमा करिब एक चौथाई योगदान रहेको कृषि क्षेत्रमा साना किसानहरूको बढी संलग्नता रहेको छ । मूलतः खेतीबाट कम नाफा आर्जन तथा निर्वाहमुखी कृषि प्रणालीमा अपेक्षित रूपमा व्यावसायीकरण एवम् विविधिकरण हुन नसकेकोले यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ। कृषि क्षेत्रको विकास गर्नमा देशको भौगौलिक परिवेश, जलवायु, कृषि जैविक विविधता, उपलब्ध कृषि शिक्षा र व्यवसायिक तालिम, अनुसन्धान, उन्नत बीउबिजन र प्रविधि, स्रोत साधन, कृषि उद्यमी, युवा तथा सीमान्त कृषक वर्गको चाहना, तुलनात्मक लाभ जस्ता विषयहरूले प्रभाव पार्दछ । त्यस्तै, नेपालको संविधान, प्रचलित कानून, राष्ट्रिय नीति, आवधिक योजना, कृषि विकास रणनीति (सन् २०१५-२०३५), राष्ट्रिय आवश्यकता तथा नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका सन्धि, सम्झौता, प्रतिबद्धता, दिगो विकास लक्ष्यहरूमा गरेका प्रतिबद्धताका साथै वातावरण संरक्षणलाई ध्यानमा राख्दै कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा, व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी कृषि क्षेत्रको रूपान्तरण गर्नु जरूरी छ ।

बढ्दो जनसंख्याको खाद्य तथा अन्य आधारभूत आवश्यकता पूरा गर्न, कृषि उत्पादन एवम् उत्पादकत्व बढाउन, व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी जीविकोपार्जनस्तरबाट क्रमिक रूपमा व्यावसायीकरणतर्फ रूपान्तरण हुँदै गएको कृषि क्षेत्रलाई क्षेत्रीय एवम् विश्व बजारसँग प्रतिस्पर्धी बनाउनु मुलुकको तत्कालीन आवश्यकता बन्न गएको छ। देशमा स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य लगानी बढाउन आवश्यक छ।

## नेपालको संविधानमा कृषि क्षेत्र

नेपालको संविधानले प्रत्याभूत गरेअनुसार धारा ३६ मा खाद्य सम्बन्धी हक अन्तर्गत खाद्य सम्प्रभुताको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। धारा २५ मा सम्पत्तिको हक अन्तर्गतको भूमिको उत्पादन र उत्पदकत्व वृद्धि गर्न कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्ने प्रयोजनका लागि राज्यले कानून बमोजिम भूमि सुधार व्यवस्थापन र नियमन गर्न बाधा नपर्ने व्यवस्था गरेको छ।

त्यस्तै, धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका किसानलाई पनि समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक प्रदान गरिएको छ भने प्रत्येक

किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउबिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हकको प्रत्याभूति गरिएको छ ।

नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ को उपधारा (ङ) मा कृषि र भूमिसुधार सम्बन्धी नीतिमा निम्न खण्डहरू समेटिएका छन् ।

(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

(२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(३) किसानको हकहित संरक्षण र सम्वर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यावसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

(४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

(५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

त्यस्तै, उपधारा (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिको खण्ड (१२) मा कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने उल्लेख छ । श्रम तथा रोजगार सम्बन्धी नीतिको खण्ड (६) मा वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने उल्लेख छ ।

संविधानको अनुसूची ६ मा प्रदेशको अधिकारको सूचीमा कृषि तथा पशु विकास समावेश गरिएको छ । अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारको सूची अन्तर्गत वैज्ञानिक अनुसन्धान तथा गरिबी निवारण राखिएको छ भने अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची अन्तर्गत कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण लगायत समावेश गरिएका छन् । त्यस्तै, अनुसूची ९ अन्तर्गत तीनै तहको अधिकारको साझा सूचीमा कृषिलाई समावेश गरिएको छ । यसबाट कृषिको विकासको लागि स्थानीय तहलाई सेवा प्रदायकको मुख्य भूमिकामा अगाडि बढाउँदै तीनै तहले आपसी समन्वय र सहकार्यमा योगदान पुऱ्याउनु पर्ने संवैधानिक मर्म रहेको देखिन्छ ।

# नेपालको संविधानमा उल्लिखित तीन तहका अधिकार सूचीको विस्तृतीकरण

उच्चस्तरीय सङ्घीयता कार्यान्वयन तथा प्रशासन पुनः संरचना प्राविधिक समिति तथा सङ्घीयता कार्यान्वयन तथा प्रशासन पुनः संरचना निर्देशक समितिबाट नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित कृषिसँग सम्बन्धित कार्य जिम्मेवारीको विस्तृतीकरण निम्नानुसार भएको छ ।

| अनुसूचीको क्र.सं. | संविधानको अधिकारको सूचीका विषय | अधिकार सूचीका विषयको विस्तृतीकरण | |
|---|---|---|---|
| संघको एकल अधिकारको (अनुसूची ५) विस्तृतीकरण | | | |
| १८ | अन्तर्राष्ट्रिय व्यापार, | १८.४ | विनिमय बन्दरगाह, क्वारेण्टाइन |
| | | १८.५ | अन्तर्राष्ट्रिय व्यापार तथा पारवहन सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध, सन्धि, कार्यान्वयन तथा नियमन |
| | | १८.६ | अन्तरप्रादेशिक व्यापार सम्बन्धी नीति, कानून, सहजीकरण र नियमन |
| | | १८.९ | अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी भौतिक पूर्वाधारहरूको विकास, विस्तार र समन्वय |
| | | १८.११ | खाद्य क्वारेण्टाइनको गुणस्तर तथा खाद्य स्वच्छता सम्बन्धी नीति, कानून, मापदण्ड, कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन |
| प्रदेशको एकल अधिकारको (अनुसूची ६) विस्तृतीकरण | | | |
| २० | कृषि तथा पशु विकास, कलकारखाना, औधोगिकीकरण | २०.१.२ | कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन |
| | | २०.१.२ | कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवम् महामारी नियन्त्रण |
| | | २०.१.३ | कृषि औधोगिकीकरण, पशुपन्छी, उधोग व्यवसायको विकास तथा प्रवर्द्धन |
| संविधानको अनुसूची ७ मा उल्लिखित साझा अधिकार सूचीका विषयको विस्तृतीकरण | | | |
| ९ | औषधि र विषादी | ९.२.२ | कृषि तथा पशुपन्छीजन्य औषधि, सुक्ष्म पोषणतत्व र विषादीको उपयोग र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन |
| | | ९.३ | अन्तर्राष्ट्रियस्तरमा प्रयोग गर्न दिइएका र प्रतिबन्ध लगाइएका विषादीको सूचना संकलन र सूचना प्रवाह |

| अनुसूचीको क्र.सं. | संविधानको अधिकारको सूचीका विषय | अधिकार सूचीका विषयको विस्तृतीकरण | |
|---|---|---|---|
| | | ९.२.४ | विषादी नियन्त्रण र व्यवस्थापनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासँगको सम्पर्क, समन्वयर सहकार्य |
| संविधानको अनुसूची ९ मा उल्लिखित साझा अधिकार सूचीका विषयको विस्तृतीकरण | | | |
| ४ | कृषि | ४.१ | कृषि सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड निर्धारण र नियमन |
| | | ४.२ | कृषिजन्य जैविक विविधता र जैविक प्रविधि सम्बन्धी राष्ट्रिय नीति तथा मादण्ड निर्धारण र नियमन |
| | | ४.३ | कृषि सम्बन्धी बहुपक्षीय र द्विपक्षीय संघ संस्थासँगको सम्पर्क एवम् समन्वय |
| | | ४.४ | कृषि सम्बन्धी राष्ट्रियस्तरको तथ्याङ्क प्रणाली, अध्ययन, अनुसन्धान तथा स्रोत संरक्षण, विकास र विस्तार |
| | | ४.५ | कृषि तथा खाद्य सम्बन्धी अन्तर्राष्ट्रिय प्रयायनयुक्त प्रयोगशालाहरूको विकास, मापदण्ड निर्धारण र नियमन |
| | | ४.६ | कृषि तथा खाद्य सम्बन्धी अन्तर्राष्ट्रिय व्यापार सहजीकरण तथा नियमन |
| | | ४.७ | आयातित मल आपूर्ति सम्बन्धी समन्वय |
| | | ४.८ | कृषि तथा पशुपन्छीजन्य अन्तर्राष्ट्रिय महासन्धि |
| | | ४.११ | कृषि औधोगिकीकरण, पशुपन्छी उधोग व्यवसायको अन्तर प्रादेशिक विकास तथा प्रवर्द्धन |
| | | ४.१४ | राष्ट्रिय खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता |

## कृषि क्षेत्रको प्रमुख समस्या

कृषिको उत्पादकत्व वृद्धि गर्न अपरिहार्य स्रोत-साधन र सामग्रीहरूको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरू जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, सङ्कलन केन्द्र तथा बिजुलीको अपर्याप्तता, कृषि ऋणको उपलब्धता मूल समस्याका रूपमा देखिएका छन् । कृषिजन्य उत्पादनमा आशातीत उपलब्धि हासिल गर्न अत्यावश्यक उन्नत नश्ल तथा बीउको प्रतिस्थापन दर पनि अत्यन्तै कम छ। यसको अतिरिक्त जमिनको तीव्र खण्डीकरण प्रमुख समस्याको रूपमा रहेको छ।

अनुसन्धानबाट विकास भएका प्रविधि पर्याप्त मात्रामा विस्तार नहुनु, वैज्ञानिक जनशक्ति व्यवस्थापन कमजोर हुनु, अनुसन्धानको लागि प्रयोगशाला लगायत अन्य

पूर्वाधार कमी हुनुले कृषिको आधुनिकीकरण, यान्त्रीकरण, व्यावसायीकरण तथा औद्योगीकरणमा थप बाधा पुगेको छ । यसले गर्दा भूमि तथा श्रमशक्तिको उत्पादकत्व निकै न्यून रहेको छ। फलस्वरूप, देशमा खाद्यान्न आयात अपेक्षित रूपमा घट्न सकेको छैन । उत्पादित खाद्यवस्तुहरू पनि समुचित भण्डारण, प्रशोधन तथा मूल्य अभिवृद्धि गरी प्रतिफल यथोचित रूपमा बढाउन सकिएको छैन । जलवायु परिवर्तनबाट यस क्षेत्रमा पर्न गएको प्रभावलाई कम गर्न अनुकूलनको माध्यमबाट जलवायु उत्थानशील तथा वातावरणमैत्री कृषि प्रणालीको विकास गर्न पनि समस्या रहेको छ ।

व्यावसायिक पकेट क्षेत्रहरूमा अनियन्त्रित र असन्तुलित रूपमा जीवनाशाक विषादी, एण्टिबायोटिक्स तथा रासायनिक पदार्थको प्रयोगले मानव तथा वातावरणीय स्वास्थ्यमा असर पुगेको छ । खाद्य स्वच्छता, खाद्य पदार्थमा पौष्टिक तत्त्वको स्रोत र उचित उपयोगबारे चेतना र ज्ञानको कमीले गर्दा स्वस्थकर खानपान तथा सोको लागि व्यवहार परिवर्तन गर्न कठिनाइ रहेको छ। साथै, खाद्यवस्तुको गुणस्तर नियमन प्रणाली पनि कमजोर रहेको छ ।

## चुनौती

कृषिलाई व्यावहारिक रूपमा राष्ट्रिय प्राथमिकतामा पार्नु, कृषि क्षेत्रका नीति एवम् रणनीतिहरूको सफल कार्यान्वयनका लागि राजनीतिक एवम् प्रशासनिक प्रतिवद्धता तथा सहभागिता, कृषि क्षेत्रका कानून निर्माण एवम् प्रभावकारी कार्यान्वयन, कृषि विकासका लागि सम्वद्ध सबै तहका सरकार तथा अन्तरसम्बन्धित मन्त्रालयहरू बीच साझा सहमति र कार्यक्रमको कार्यान्वयन, सोको लागि यस क्षेत्रमा राज्यको पर्याप्त लगानी र कृषि सेवाको प्राविधिक जनशक्ति व्यवस्थापन चुनौतीपूर्ण छ ।

अधिकांश कृषक साना र मझौलास्तरका रहेका कारण तिनको दक्षता वृद्धि गरी व्यावसायीकरण गर्न एवम् कृषि क्षेत्रमा जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण गर्दै प्राकृतिक प्रकोपसँग जुध्ने क्षमता विकास गर्नु चुनौतीपूर्ण छ। व्यावसायिक वातावरणको अपर्याप्तताका कारण कृषिका लागि आवश्यक पर्ने श्रमशक्तिको रूपमा रहेको युवा जनशक्ति अन्य क्षेत्र तथा वैदेशिक रोजगारीमा संलग्न भएका कारण यस क्षेत्रको उत्पादकत्वमा ह्रास आएको छ । यसको अतिरिक्त अव्यवस्थित शहरीकरण, जग्गाको खण्डीकरण र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि भूमिलाई उपयोगमा ल्याउनु तथा कृषि प्रसार सेवामा कृषकको पहुँच अभिवृद्धि गर्नु, सीमित स्रोत -साधन, कृषि ऋण, बिमा, प्रविधि र ज्ञानको प्रयोगलाई तादात्म्यता ल्याई उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु तथा समग्र कृषि क्षेत्रको उत्पादन लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु चुनौतीका रूपमा रहेका छन् ।

उच्च प्रविधियुक्त तथा अनुदान सहित कृषि क्षेत्रको प्रवर्द्धन गरिरहेका दुई ठूला देशको बीचमा रहेको नेपालमा विद्यमान गुजारामुखी कृषिलाई रूपान्तरण

गरी प्रतिस्पर्धात्मक एवम् व्यवसायमुखी बनाउँदै औद्योगिक विकासमा आवद्ध गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । कृषि तथा पशुपन्छीजन्य उत्पादनमा विषादी, औषधि, एण्टिबायोटिक्स, हानिकारक रसायन, हर्मोन आदिको अवशेष कम गरी वाततावरण र जनस्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव घटाउँदै जानु, युवा जनशक्तिलाई श्रम, सीप तथा पुँजीसहित यो पेसालाई सम्मानित बनाई प्रोत्साहन सहित आकर्षित गरिरहनु, कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादन, प्रशोधन र बजारीकरणलाई लागत-प्रभावी बनाउनु, कृषि क्षेत्रको व्यापारलाई सन्तुलनमा राख्नु, गुणस्तर एवम् स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याई नाफामूलक र प्रतिस्पर्धात्मक बनाउनु, कृषि क्षेत्रको उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्नका लागि संघ, प्रदेश र स्थानीय तहको लगानी एवम् सेवालाई थप प्रभावकारी बनाई अन्तरसरकार सहकार्य र समन्वय चुस्त बनाउनु समेत चुनौतीका रूपमा रहेका छन् ।

## अवसर

भौगोलिक तथा जैविक विविधताजन्य सम्भाव्यता हुनु, पुँजी, प्रेरणा, आत्मविश्वास र उन्नत प्रविधि बारेको ज्ञान सहित विदेशबाट फर्किएका युवा कृषि व्यवसायमा आकर्षित हुँदै जानु, जैविक खेती र कृषि वनप्रति उद्यमी र किसानको आकर्षण बढ्नु, उत्पादित वस्तुको विश्व व्यापारको पहुँच वृद्धि हुनु र ठूला, संस्थागत तथा अन्य निजी क्षेत्रको आकर्षण बढ्दै जानु कृषि क्षेत्रका अवसर हुन् ।

भौगोलिक रूपमा विकट पहाड र दुर्गम क्षेत्रमा यातायात सुविधा बढ्दै जानुका अतिरिक्त पछिल्ला वर्षमा कृषि ऋण, कृषि बिमा, नयाँ प्रविधिको उपयोग र सिँचाइ सुविधा विस्तारले समेत यस क्षेत्रमा थप अवसर सिर्जना हुँदै गएका छन् । जलवायु परिवर्तनसँग जुध्न विश्वव्यापी रूपमा बढ्दै गएको चासो र उपलब्ध ज्ञान, सीप, प्रविधि र स्रोतले कृषिलाई अनुकूलन तथा उत्थानशील बनाउनु अवसरको रूपमा रहेको छ ।

नागरिकको क्रयशक्तिमा वृद्धि हुनु, खानपानको चेतना तथा व्यवहारमा भएको परिवर्तनले फलफूल तथा पशुजन्य उत्पादनकव माग तीव्र गतिमा बढ्नु र खाद्य स्वच्छताबारे जनसाधारणमा रुचि बढ्दै गरेको अवस्थामा प्राङ्गारीक कृषि उत्पादन प्रवर्द्धन समेत यस क्षेत्रका अवसर हुन् । नेपाल आउने पर्यटकको प्राङ्गारिक कृषि उत्पादनको मागले यस क्षेत्रमा मूल्य शृङ्खला विकासको अवसर रहेको छ ।

# कृषि विभाग

## कृषि विभागको ऐतिहासिक पृष्ठभूमि

- नेपालमा कृषि विकासको लागि संस्थागत प्रयासको सुरुवात स्वरूप वि.सं. १९७८ सालमा सरकारीस्तरमा कृषि अड्डाको स्थापना,
- कृषि विकासका लागि गरिएका विभिन्न संस्थागत प्रयासका फलस्वरूप वि.सं. २००८ सालमा कृषि विभागको स्थापना,
- कृषि विकास कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले विषयगत दक्षताको आवश्यकता महशुस गरी वि.सं. २०२३ सालमा कृषि विभागलाई पाँच वटा विभागहरू (कृषि प्रसार, मत्स्य, बागवानी, पशु स्वास्थ्य र कृषि शिक्षा तथा अनुसन्धान विभाग) मा पुर्नगठन गरिएको र वि.सं. २०२८ सम्म यथावत रहेको,
- विभागहरू बीच आपसी समन्वयको कमी महशुस भई वि.सं. २०२९ सालमा पाँचै विभागहरूको एकीकरण गरी पुनः कृषि विभाग कायम,
- वि.सं. २०२९ सालमा कृषि बजारको संवेदनशिलता एवम् आवश्यकतालाई दृष्टिगत गरी खाद्य तथा कृषि बजार सेवा विभागको स्थापना,
- कृषि कार्यक्रमको प्रभावकारीता एवम् आवश्यकताको आधारमा कृषि विभागको एकीकरण र खण्डीरणको प्रक्रिया स्वरूप वि.सं. २०३६ सालमा कृषि विभाग र पशु सेवा विभागको स्थापना । वि.सं. २०४५ सालमा कृषि विभागबाट छुट्टै बागवानी विभाग गठन भएको तर वि.सं. २०४९ सालमा कृषिका निकायहरूलाई "एउटै छानो मुनी" राख्ने नीति अनुरूप वागवानी विभाग, बाली तथा मत्स्य विभाग, खाद्य तथा कृषि वजार सेवा विभाग, पशु स्वास्थ्य तथा पशु विकास विभाग र केन्द्रीय खाद्य अनुसन्धान प्रयोगशालालाई गाभी एउटै कृषि विकास विभागको स्थापना,
- विभाग अन्तर्गत एक महानिर्देशक र ७ (सात) निर्देशकको व्यवस्था,
- वि.सं. २०५२ सालमा कृषि विकास विभागको संगठनमा पुनः हेरफेर गरी तत्कालीन कृषि विकास विभागबाट कृषि विभाग, पशु सेवा विभाग र केन्द्रीय खाद्य अनुसन्धान प्रयोगशाला समेत गरी तीन विभाग स्थापना,
- सेवालाई प्रभावकारी एवम् समय सापेक्षित बनाउन यसको संगठन स्वरूपमा वि.सं. २०५७ सालमा पुनः केही हेरफेर गरी कृषि विभाग अन्तर्गतका ११ वटा प्राविधिक महाशाखाहरूलाई १२ वटा कार्यक्रम निर्देशनालयहरूमा परिवर्तन गरिएको,

- वि.सं. २०६१ सालमा शासकीय सुधार कार्यक्रम अन्र्तगत कृषिको पुर्नसंरचना गर्दा प्रविधि विस्तार तथा समन्वयका एक उपमहानिर्देशक थप गरी जम्मा तीन पुऱ्याएको । कृषि विभागका महानिर्देशक अन्तर्गत भइरहेका दुई उपमहानिर्देशकमा १ उपमहानिर्देशक र प्रविधि विस्तार तथा समन्वय शाखा पनि थप गरी संरचनामा परिवर्तन ल्याइएको,
- नेपालको संविधान लागू भएसँगै देश सङ्घीय संरचनामा प्रवेश गरेको छ । त्यससँगै तत्कालीन कृषि विभागको पुनः संरचना भई पहिले रहेका सबै निकायहरू खारेज भएका छन् भने हाल कृषि विभाग मातहत ६ वटा केन्द्रीय निकाय र १४ वटा विभिन्न फार्महरू रहेका छन् । कृषि विभागको आन्तरिक संरचनामा समेत परिवर्तन गरिएको छ । जस अन्तर्गत कृषि विभागमा १ महानिर्देशक, ४ उप-महानिर्देशक (योजना, अनुगमन तथा व्यवस्थापन, कृषि उत्पादकत्व, प्रविधि तथा समन्वय र केन्द्रीय आयोजना व्यवस्थापन एकाइ) र ११ वटा प्राविधिक एवम् प्रशासनिक शाखाहरू रहेका छन् । त्यस्तै, विभाग अन्तर्गत दुईवटा आयोजनाहरू सञ्चालित छन् जसमा रानी जमरा कुलरिया सिँचाइ आयोजना अन्तर्गतको कृषि कार्यक्रम कार्यान्वयन एकाइ कैलालीमा रहेको छ भने पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको निर्देशकको कार्यालय कीर्तिपुरमा रहेको छ ।

हाल यसै संरचना अनुसार कृषि विभागबाट कृषि विकास रणनीति, राष्ट्रिय कृषि नीति र चालु पञ्चवर्षीय योजनाले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न कृषि विकासका कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ ।

## दुरदृष्टि

निर्वाहमूखी कृषि प्रणालीलाई व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु यस विभागको दीर्घकालीन दुरदृष्टि रहेकोछ ।


## लक्ष्य

यस विभागको लक्ष्य व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवम् दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउनु रहेको छ ।

## उद्देश्य

- कृषि उत्पादन एवम् उत्पादकत्व बढाउने,
- व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने,
- प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवम् सदुपयोग गर्ने ।

# कृषि विभाग र मातहतका निकायहरू




## कार्य विवरण

- राष्ट्रिय कृषि उत्पादकत्व वृद्धि सम्बन्धी कार्यको समन्वय,
- कृषि शिक्षा अनुसन्धान र प्रसार बीच समन्वय,
- गुणस्तरीय कृषि उत्पादन स्रोत तथा सामग्रीहरूको उपलब्धतामा समन्वय,
- कृषिको व्यावसायीकरण तथा आधुनिकीकरणको लागि नीतिगत एवम् समन्वयत्मक कार्यहरू गर्ने,
- कृषि कर्जा एवम् बाली बिमा सम्बन्धी कार्यमा समन्वय,
- कृषि विकाससँग सम्बन्धित सरकारी, गैरसरकारी र निजी क्षेत्रका निकायहरू बीच समन्वय कायम गर्ने,
- करार खेती प्रवर्द्धन तथा प्रसार सम्बन्धी कार्यहरू,
- कृषि बाली वस्तुमा प्रतिस्पर्धात्मकता प्रवर्द्धन सम्बन्धी कार्यहरू,
- कृषि अनुदान व्यवस्थापन सम्बन्धी कार्यहरू,
- कृषि विकास रणनीतिको कार्यान्वयन सहजीकरण र समन्वय,
- कृषि योग्य जमिनको सदुपयोग तथा गैर कृषिमा प्रयोग निरुत्साहन सम्बन्धी कार्यहरूको समन्वय,
- कृषि क्षेत्रको विकासका लागि आवश्यक बजेट तथा जनशक्ति प्रक्षेपण विश्लेषण तथा अध्ययन अनुसन्धानमा सहयोग र समन्वय,
- कृषि उपजहरूको मूल्य निर्धारण कार्यको समन्वय,
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई नीतिगत पृष्ठपोषण गर्ने,
- कृषि वस्तुमा भन्सार छुट लगायतका व्यवस्थाका लागि मन्त्रालयमा सिफारिस गर्ने,
- मातहतका निकायहरूबाट सञ्चालित कृषि विकास कार्यक्रमहरूको अनुगमन मूल्याङ्कन तथा आवश्यक समन्वय,
- कृषि विकासका साझेदारहरूसँग सम्पर्क, समन्वय र सहकार्य सम्बन्धी कार्य,
- सङ्घीय कृषि विकास योजना नीति तथा मापदण्डको कार्यान्वयन व्यवस्था,
- कृषि विकास योजना तथा कार्यक्रम सञ्चालनमा अन्य निकायहरूसँग समन्वय,
- अन्तर्गतका निकायहरूको वार्षिक कृषि विकास कार्यक्रम मार्गदर्शन तथा समन्वय,
- प्राङ्गारिक कृषिको लागि फोकल कार्यालयको रूपमा कार्य गर्ने,
- कृषि बजार व्यवस्थापन सम्बन्धी कार्य,

- सङ्घीय कृषि फार्म/केन्द्रहरूको समग्र व्यवस्थापन,
- बाली, बागवानी, व्यावसायिक कीट विकास सम्बन्धी नीति, योजना, मापदण्डको तर्जुमा तथा कार्यान्वयन एवम् नियमनको व्यवस्था,
- कृषि पूर्वाधार तथा बजार विकास सम्बन्धी नीति, योजना, मापदण्ड, संरचना विकास, नियमन सम्बन्धी कार्य,
- केन्द्रीय रिफरेन्स प्रयोगशालाको व्यवस्थाका लागि नीति, मापदण्ड र नियमन सम्बन्धी कार्य,
- सङ्घीय कृषि विकास कार्यक्रम अनुगमन तथा मूल्याङ्कनको नीति तथा मापदण्डको कार्यान्वयन व्यवस्था,
- अन्तर्गतका निकायहरूको वार्षिक कृषि विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन,
- वैदेशिक सहयोगमा सञ्चालित कृषि विकास सम्वद्ध आयोजनाहरूसँग आवश्यक समन्वय, अनुगमन तथा मूल्याङ्कन ।

# संगठनात्मक संरचना



# महाशाखा तथा शाखाहरूको विवरण

## (क) योजना, अनुगमन तथा व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत ३ वटा शाखाहरू (योजना, कार्यक्रम तथा अनुगमन शाखा, प्रशासन शाखा र बजार विकास, आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा) रहेका छन् । यस महाशाखाले मुख्यतया वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कर्मचारी प्रशासन, सामान्य प्रशासन, कर्मचारी व्यवस्थापन र आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने गरेको छ ।

- दैनिक सामान्य प्रशासन सञ्चालनमा महानिर्देशकलाई सहयोग गर्ने,
- कर्मचारी प्रशासन सम्बन्धी आवश्यक कार्य गर्ने,
- आर्थिक प्रशासन सञ्चालनमा नेतृत्व प्रदान गर्ने,
- सरकारी सम्पत्तिको सुरक्षा, आवश्यक मर्मत सम्भार र प्रयोगको आवश्यक व्यवस्था गर्ने,
- विभागमार्फत सञ्चालन हुने वार्षिक सङ्घीय कृषि विकास कार्यक्रम तथा बजेट तर्जुमाको व्यवस्था गर्ने,
- वैदेशिक सहयोगमा सञ्चालन हुने आयोजनाको कार्यक्रम तर्जुमा, अनुगमन र मूल्याङ्कनमा सहजीकरण गर्ने,
- विभाग अन्तर्गत सन्चालित कार्यक्रमको अनुगमन र मूल्याङ्कन एवम् आवधिक समीक्षाको व्यवस्था गर्ने,
- राष्ट्रियस्तरको कृषि तथ्याङ्क व्यवस्थापन र अद्यावधिक गर्ने,
- राष्ट्रियस्तरमा खाद्य सुरक्षा स्थितिको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

### १. योजना, कार्यक्रम तथा अनुगमन शाखा

- सङ्घीय कृषि विकास योजना नीति तथा मापदण्डको कार्यान्वयन व्यवस्था,
- कृषि विकास योजना तथा कार्यक्रम सञ्चालनमा अन्य निकायहरूसँग समन्वय,
- अन्तर्गतका निकायहरूको वार्षिक कृषि विकास कार्यक्रम मार्गदर्शन तथा समन्वय,
- सङ्घीय कृषि विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक कार्यविधि तथा निर्देशिकाको तयारी तथा कार्यान्वयनको व्यवस्था,
- कृषि विकास रणनीति कार्यान्वयनको लागि कार्यक्रम तर्जुमा एवम् समन्वय,

- वैदेशिक सहयोगमा सञ्चालित कृषि विकास सम्वद्ध आयोजनाहरूको कार्यक्रम तर्जुमा समन्वय,
- सङ्घीय कृषि विकास कार्यक्रम अनुगमन तथा मूल्याङ्कनको नीति तथा मापदण्डको कार्यान्वयन व्यवस्था,
- अन्तर्गतका निकायहरूको वार्षिक कृषि विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन,
- वैदेशिक सहयोगमा सञ्चालित कृषि विकास सम्वद्ध आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनको जनशक्ति व्यवस्थापन तथा वैदेशिक अध्ययन, तालिम, भ्रमण व्यस्थापन,
- सङ्घीय कृषि विकास कार्यक्रमहरूको आवधिक समीक्षा ।

## २. प्रशासन शाखा

- सङ्घीय निजामती सेवा ऐन र नियमावली अनुसार विभाग अन्तर्गत कर्मचारी प्रशासन सम्बन्धी माग आकृति, नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, विदा, अवकाश, उपदान, निवृत्तिभरण, प्रोत्साहित पुरस्कार, वृत्ति विकास, दण्ड सजाय र विभागीय कारवाही सम्बन्धी कार्य गर्ने,
- विभाग अन्तर्गत कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, स्वेच्छिक अवकाश, उपदान, निवृत्तिभरण, प्रोत्साहित पुरस्कार, वृत्ति विकास, दण्ड सजाय सम्बन्धी कार्य गर्ने,
- विभाग र अन्तर्गतको जनशक्ति विवरण अद्यावधिक राख्ने,
- विभाग र अन्तर्गत कार्यरत कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने,
- आयोजनाहरूको दरवन्दी सिर्जना, जनशक्ति व्यवस्थापन लगायत प्रशासनिक कामकारवाही सम्बन्धमा मन्त्रालयलाई सहयोग गर्ने,
- विभागको दैनिक प्रशासन सम्बन्धी कार्यहरूमा महानिर्देशकलाई सहयोग गर्ने,
- विभागको जनसम्पर्क र सुरक्षाको व्यवस्था गर्ने,
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त र भ्रष्टाचार नियन्त्रण एवम् उजुरी, गुनासो सम्बन्धी कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय सर्तकता केन्द्रबाट प्राप्त गुनासाहरू फछ्र्यौट गर्न मन्त्रालयलाई सहयोग गर्ने,
- विभागमा आवश्यक सामग्री खरिद, वितरण लगायतका कार्य गर्ने,

- विभाग र अन्तर्गतको सवारी साधन व्यवस्थापन र परिचालन सम्बन्धी कार्य गर्ने,
- विभागको जिन्सी व्यवस्थापन सुरक्षा व्यवस्था सम्बन्धी कार्य,
- विभागमा प्राप्त चिठ्ठी पत्रहरूको अभिलेख सम्बन्धी कार्य,
- विभागको सरसफाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य,
- साधारणतर्फको बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने,
- बजेट निकासा गराउने र नियमित आर्थिक कारोवार सञ्चालन गर्ने,
- लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट सम्बन्धी कार्य गर्ने गराउने,
- विभाग मातहतको लेखा सम्बन्धी कामको नियमित अनुगमन, मूल्याङ्कन व्यवस्था मिलाई उपयुक्त कारवाही गर्ने,
- आर्थिक प्रशासन सम्बन्धी अन्य काम गर्ने,
- नि.से. ऐन तथा नि.से.नि. अनुसार औषधि उपचार सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने,
- विभाग र अन्तर्गतको कानूनी राय प्रदान गर्ने,
- ऐन, नियम, विनियम जस्ता कानूनहरूको मस्यौदामा मन्त्रालयलाई सहयोग गर्ने,
- विभाग र अन्तर्गतको निकाय विपक्षी भएको मुद्दा मामिलामा प्रतिरक्षा गर्ने,
- सम्बन्धित न्यायालयबाट विभाग सम्बन्धी भएका मुद्दा फैसला कार्यान्वयनको कार्यवाही गर्ने ।

## ३. बजार विकास, आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा

- राष्ट्रियस्तरको बजार विकासको नीति तथा मापदण्ड सम्बन्धी कार्य,
- राष्ट्रिययस्तरको बजार संरचना विकास तथा प्रवर्द्धन सम्बन्धी कार्य,
- कृषि सम्बन्धी राष्ट्रियस्तरको तथ्याङ्क प्रणाली व्यवस्थापन सम्बन्धी कार्य,
- राष्ट्रियस्तरमा खाद्य सुरक्षाको अवस्थाबारे अध्ययन, अनुसन्धान, विश्लेषण एवम् प्रक्षेपण,
- कृषि बजार सूचना तथा कृषि तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन सम्बन्धमा सूचना प्रविधिको नविनतम माध्यमको प्रयोग गर्ने गराउने,
- कृषि तथ्याङ्क सम्बन्धी राष्ट्रियस्तरमा सफ्टवेयरको विकास तथा सञ्चालन एवम् प्रदेश तथा स्थानीय तहमा विस्तार सम्बन्धी कार्य,

- कृषि तथ्याङ्कको सूचकको विकास एवम् अद्यावधिक गर्ने सम्बन्धी कार्य,
- विभिन्न बालीहरूको क्रप कटिङ र उत्पादन प्रक्षेपण,
- बाली वस्तु उत्पादन लागत एवम् प्रतिफल विश्लेषण,
- स्थानीय तहमा कृषि क्षेत्रमा भएको लगानी र प्रतिफलको विश्लेषण गरी मन्त्रालय र प्रदेशस्तरलाई पृष्ठपोषण गर्ने,
- कृषिको प्रतिस्पर्धात्मकता बढाउने सन्दर्भमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय अध्ययन एवम् विश्लेषण गरी मन्त्रालय र प्रदेशस्तरलाई पृष्ठपोषण गर्ने,
- राष्ट्रियस्तरको कृषि बजार सञ्चालक समितिको गठन तथा अनुगमन गर्ने,
- कृषक, कृषक समूह साथै कृषि सहकारीहरूलाई बजार सूचना, व्यवस्थापन र बजारीकरण विषयमा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,
- कृषि उपज बजारको थोक तथा खुद्रा मूल्य साथै सिमावर्तिय मूल्य सङ्कलन, विष्लेषण तथा प्रवाह गर्ने,
- कृषि सूचना सङ्कलन, प्रशोधन तथा प्रवाह सम्बन्धमा राष्ट्रिय केन्द्रको रूपमा कार्य गर्ने,
- वार्षिक कृषि बजार बुलेटिन प्रकाशन गर्ने,
- कृषि बजार सञ्चालक समिति, कृषक, कर्मचारी, सहकारी संस्था लगायतलाई प्रशिक्षण तथा तालिम प्रदान गर्ने,
- उत्कृष्ट बजारीकरण प्रविधिहरूको पहिचान एवम् विस्तार कार्यको समन्वय,
- कृषि उपज बजार सञ्चालन निर्देशिका तथा कार्यविधिहरू तयार, परिमार्जन सम्बन्धी कार्यहरू,
- स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरहरूको उपयोग गरी कुन कुन वस्तु निर्यात गर्न सकिन्छ, सोको सवल र दुर्वल पक्ष केलाई निर्यात प्रवर्द्धनका लागि सुधारात्मक उपायहरू निजी सरकारी साझेदारीको अवधारणा अनुरूप अवलम्बन गर्ने,
- विश्व व्यापार संगठनको प्रावधान अनुरूप गुणस्तरीय उत्पादन, स्थानीय तथा बाह्य बजारमा उपजहरूको प्रवाह गर्दा मापदण्ड लगायत अपनाउनु पर्ने प्रक्रियाहरूका बारेमा आवश्यक सूचना सङ्कलन एवम् प्रवाह,
- कृषि व्यवसायमा आइपरेका समस्याहरू केलाउँदै आन्तरिक एवम् वाह्य बजारमा कृषि उपजहरूको सुलभ पहुँच बढाउन आवश्यक जानकारी र विवरणहरू सङ्कलन गर्ने र सम्वद्ध पक्षलाई प्रवाहित गर्ने,

- संघ अन्तर्गत रहेका कृषि उपज थोक बजारहरूको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति दिने र कृषि उपज बजार सञ्चालन निर्देशिका अनुसार भए नभएको अनुगमन गर्ने,
- निर्यातजन्य कृषि वस्तुहरूको प्रवर्द्धनात्मक कार्यमा सहयोग पुऱ्याउन सामग्री एवम् उपकरणहरू कृषकस्तरमा अनुदानमा दिने व्यवस्था मिलाउने,
- नेपालबाट आयात निर्यात भएका प्रमुख कृषि वस्तुहरूको विवरण एवम् आयातकर्ता तथा निर्यातकर्ताको विवरण तयार गर्ने ।

## (ख) कृषि उत्पादकत्व महाशाखा

यस महाशाखा अन्तर्गत ४ वटा शाखाहरू (बागवानी विकास शाखा, बाली विकास शाखा, व्यावसायिक कीट विकास शाखा र माटो व्यवस्थापन शाखा) रहेका छन् । यस महाशाखाले मुख्यतया देहाय बमोजिम कार्य गर्ने गरेको छ ।

- बागवानी, बाली तथा व्यावसायिक कीट विकास सम्बन्धी राष्ट्रिय नीति तथा मापदण्डको व्यवस्था,
- कृषिजन्य जैविक विविधता संरक्षण सम्वर्द्धन तथा उपयोग सम्बन्धी कार्य,
- राष्ट्रिय कृषि उत्पादकत्व वृद्धि सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयनको व्यवस्था,
- राष्ट्रियस्तरमा माटोको उर्वराशक्ति व्यवस्थापन कार्यको समन्वय,
- सम्बन्धित बाली/वस्तुको सङ्घीय नीति तथा कार्यक्रमहरूबारे प्रदेशस्तरमा पृष्ठपोषण गर्ने ।

### १. बागवानी विकास शाखा

- बागवानी बालीहरूको प्रवर्द्धनका लागि राष्ट्रियस्तरमा नीति, मापदण्ड तर्जुमा,
- राष्ट्रियस्तरमा बागवानी विकास सम्बन्धी कार्यक्रम तर्जुमा, प्रविधिहरूको आयात र प्रदेशस्तरमा समन्वय,
- बागवानीजन्य बालीको जैविक विविधता संरक्षण सम्वर्द्धन तथा प्रसार सम्बन्धी कार्य,
- विभिन्न सरकारी बागवानी सम्वद्ध फार्म, केन्द्रहरूबाट उत्पादन हुने स्रोत बीउ/बेर्नाहरूको अभिलेख तयार गरी प्रदेश र स्थानीयस्तरलाई समन्वय गर्ने,
- अनुसन्धानबाट विकसित भएका बागवानी सम्बन्धी प्रविधिहरूको प्रदेशस्तरमा हस्तान्तरण,

- प्रदेशस्तरबाट बागवानी सम्बन्धी तथ्याङ्कहरूको सङ्कलन, विश्लेषण, प्रक्षेपण गरी प्रदेशस्तर र मन्त्रालयलाई पृष्ठपोषण गर्ने,
- स्थानीयस्तर र प्रदेशस्तर आएका बागवानी सम्बन्धी समस्या तथा सवालहरूलाई राष्ट्रियस्तरमा समाधान गर्ने र तत् निकायलाई पृष्ठपोषण गर्ने,
- बागवानी सम्बन्धी सङ्घीय नीति तथा कार्यक्रमहरूलाई प्रदेशस्तरमा पृष्ठपोषण गरी कार्यान्वयनमा सहजीकरण गर्ने ।

## २. बाली विकास शाखा

- अन्न बाली, दलहन, तेलहन र औद्योगिक बालीहरूको प्रवर्द्धनका लागि राष्ट्रियस्तरमा नीति, मापदण्ड तर्जुमा,
- राष्ट्रियस्तरमा बाली विकास सम्बन्धी कार्यक्रम तर्जुमा, प्रविधिहरूको आयात र प्रदेशस्तरमा समन्वय,
- बालीजन्य कृषि जैविक विविधता संरक्षण सम्वर्द्धन तथा प्रसार सम्बन्धी कार्य,
- परम्परागत बालीका जातहरूको राष्ट्रियस्तरमा अभिलेख तयार गर्ने,
- विभिन्न सरकारी बालीसँग सम्वद्ध फार्म, केन्द्रहरूबाट उत्पादन हुने स्रोत बीउहरूको अभिलेख तयार गरी प्रदेश र स्थानीयस्तरलाई समन्वय गर्ने,
- अनुसन्धानबाट विकसित भएका बाली सम्बन्धी प्रविधिहरूको प्रदेशस्तरमा हस्तान्तरण,
- प्रदेशस्तरबाट बाली सम्बन्धी तथ्याङ्कहरूको सङ्कलन, विश्लेषण, प्रक्षेपण गरी प्रदेशस्तर र मन्त्रालयलाई पृष्ठपोषण गर्ने,
- स्थानीयस्तर र प्रदेशस्तर आएका बाली सम्बन्धी समस्या तथा सवालहरूलाई राष्ट्रियस्तरमा समाधान गर्ने र तत् निकायलाई पृष्ठपोषण गर्ने,
- बाली सम्बन्धी सङ्घीय नीति तथा कार्यक्रमहरूलाई प्रदेशस्तरमा पृष्ठपोषण गरी कार्यान्वयनमा सहजीकरण गर्ने ।

## ३. व्यावसायिक कीट विकास शाखा

- च्याउ, मौरी, रेशम जस्ता व्यावसायिक कीट विकास नीति तथा मापदण्ड र कार्यान्वयनको व्यवस्था,
- च्याउ, मौरी, रेशम जस्ता व्यावसायिक कीट विकासमा संलग्न सरकारी, सहकारी तथा निजी क्षेत्रसँग समन्वय,
- स्थानीयस्तर र प्रदेशस्तर आएका व्यावसायिक कीट विकास सम्बन्धी समस्या तथा सवालहरूलाई राष्ट्रियस्तरमा समाधान गर्ने र तत् निकायलाई पृष्ठपोषण गर्ने ।

### ४. माटो व्यवस्थापन शाखा

- माटो, मल तथा माटोमा प्रयोग हुने सुक्ष्मतत्व तथा अन्य additives सम्बन्धी राष्ट्रिय मापदण्ड, नीति तर्जुमा र कार्यान्वयनको व्यवस्था,
- माटो, मल तथा माटोमा प्रयोग हुने सुक्ष्मतत्व तथा अन्य additives को नियमन तथा अनुगमन,
- स्थानीयस्तर र प्रदेशस्तर आएका माटो व्यवस्थापन सम्बन्धी समस्या तथा सवालहरूलाई राष्ट्रियस्तरमा समाधान गर्ने र तत् निकायलाई पृष्ठपोषण गर्ने,
- माटो, मल तथा माटोमा प्रयोग हुने सुक्ष्मतत्व तथा अन्य additives सम्बन्धी राष्ट्रिय मापदण्ड, नीति तर्जुमा र कार्यान्वयनको व्यवस्था,
- माटो, मल तथा माटोमा प्रयोग हुने सुक्ष्मतत्व तथा अन्य additives को नियमन तथा अनुगमन ।

## (ग) प्रविधि तथा समन्वय महाशाखा

यस महाशाखा अन्तर्गत ४ वटा शाखाहरू (प्रविधि विस्तार शाखा, बाली संरक्षण शाखा, कृषि उत्पादन सामग्री व्यवस्थापन शाखा र कृषि इन्जिनियरिङ्ग तथा पोष्ट हार्भेष्ट शाखा) रहेका छन् । यस महाशाखाले मुख्यतया देहाय सम्बन्धी कार्य गर्ने गरेको छ ।

- राष्ट्रियस्तरमा कृषि शिक्षा, अनुसन्धान र प्रसार बीच समन्वय,
- विपद् व्यवस्थापन एवम् राहत सम्बन्धी कार्यहरू,
- कृषि प्रविधि विकास एवम् विस्तारमा संलग्न सरकारी, सहकारी तथा निजी क्षेत्रसँग समन्वय,
- कृषि यान्त्रीकरण सम्बन्धी राष्ट्रिय नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन,
- पोष्ट हार्भेष्ट प्रविधि र क्षति न्यूनीकरण सम्बन्धी,
- कृषि सामग्रीहरूको माग र आपूर्ति व्यवस्थाको समन्वय,
- राष्ट्रिय महत्वको रोगकीरा व्यवस्थापन तथा महामारी रोकथाम सम्बन्धी ।

### १. प्रविधि विस्तार शाखा

- राष्ट्रियस्तरमा कृषि शिक्षा, अनुसन्धान र प्रसार बीच समन्वयात्मक कार्यहरूको सञ्चालन,
- सहुलियत कर्जा सम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रक्षेपण गरी स्थानीय र प्रदेशस्तरमा पृष्ठपोषण गर्ने,

- विपद् व्यवस्थापन एवम् राहत सम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रक्षेपण गरी स्थानीय र प्रदेशस्तरमा पृष्ठपोषण गर्ने,
- कृषि प्रविधि विकास एवम् विस्तारमा संलग्न सरकारी, सहकारी तथा निजी क्षेत्रसँग समन्वय,

## २. बाली संरक्षण शाखा

- रोगकीरा व्यवस्थापन तथा महामारी रोकथाम सम्बन्धी आवश्यक कार्य गर्ने,
- बाली संरक्षण सम्बन्धमा प्रदेश तथा स्थानीय तहको क्षमता विकास,
- बाली संरक्षण सेवाको नीति, मापदण्ड र नियमन,
- बाली संरक्षणसँग सम्वद्ध प्राविधिकहरूको क्षमता विकास सम्बन्धी कार्यहरू गर्ने गराउने,
- आकस्मिक बाली संरक्षण सेवा सम्बन्धी कार्यको समन्वय,
- एकीकृत शत्रुजीव व्यवस्थापन सम्बन्धी कार्यको समन्वय ।

## ३. कृषि उत्पादन सामग्री व्यवस्थापन शाखा

- कृषि सामग्रीहरूको माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, प्रक्षेपण र आपूर्ति व्यवस्थाको समन्वय,
- आयातित मलको आपूर्ति सहजीकरण सम्बन्धी कार्य,
- कृषि सामग्रीहरूसँग सम्वद्ध सरकारी कम्पनीहरूसँग समन्वयमा आपूर्ति व्यवस्थापन तथा नियमन,
- निजी क्षेत्रबाट हुने मल तथा अन्य कृषि सामग्रीहरूको कारोवार नियमन,
- मन्त्रालयलाई कृषि सामग्रीहरूको आपूर्ति व्यवस्थापनमा नीतिगत पृष्ठपोषण,
- बीउबिजन निरीक्षक र मल निरीक्षकको क्षमता विकास,
- मल बीउ लगायतका कृषि सामग्रीको गुणस्तर, मूल्य, आपूर्ति स्थितिको अनुगमन,
- स्रोत बीउ तथा उन्नत बीउको माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, प्रक्षेपण र आपूर्ति व्यवस्था सम्बन्धी कार्य,
- बीउबिजनसँग सम्वद्ध सरकारी कम्पनीहरूसँग समन्वयमा आपूर्ति व्यवस्थापन तथा नियमन,
- राष्ट्रियस्तरमा बीउबिजनमा आत्मनिर्भरता सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन,
- बीउ मूल्य-शृङ्खला विकास सम्बन्धी आवश्यक कार्य,
- राष्ट्रियस्तरमा बाली बिमाको तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रक्षेपण गरी स्थानीय र प्रदेशस्तरमा पृष्ठपोषण गर्ने ।

### ४. कृषि इन्जिनियरिङ तथा पोष्ट हार्भेष्ट शाखा

- कृषि यान्त्रीकरण सम्बन्धी राष्ट्रिय नीति तथा योजना तर्जुमा तथा कार्यान्वयनको व्यवस्था,
- कृषि मेशीनरी तथा औजार उपकरण उत्पादन तथा Fabrication को मापदण्ड तथा नियमन,
- कृषि यन्त्र, औजार तथा उपकरण मर्मत सम्भार कार्यशालाको मापदण्ड तथा नियमन,
- कृषि यान्त्रीकरण प्रवर्द्धन नीति, २०७१ मा उल्लिखित नीति कार्यान्वयनको व्यवस्था,
- अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरू बीचको साझेदारीमा राष्ट्रियस्तरमा यान्त्रीकरण प्रवर्द्धन सम्बन्धी कार्यको समन्वय,
- कृषि यन्त्र अनुसन्धान, विकास, परिमार्जन, उत्पादन, वितरण प्रणालीको अनुगमन, अध्ययन तथा मूल्याङ्कन गरी प्रभावकारी एवम् उत्तरदायी बनाउने सम्बन्धी कार्यको समन्वय,
- राष्ट्रियस्तरमा यान्त्रीकरण कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन र विश्लेषण सम्बन्धी कार्य,
- राष्ट्रियस्तरमा पोष्ट हार्भेष्ट प्रविधि विकास र विस्तार कार्यको समन्वय,
- पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण सम्बन्धी प्रविधि विकास र विस्तार,
- पोष्ट हार्भेष्ट प्रविधि सम्बन्धमा प्रदेश तथा स्थानीय तहको क्षमता विकास ।

## (घ) केन्द्रीय आयोजना व्यवस्थापन एकाइ

यस आयोजना एकाइले मुख्यतया वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमामा समन्वय, वैदेशिक आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन र आयोजना/परियोजना तयारी सम्बन्धी कार्य गर्ने गरेको छ ।

- विभाग अन्तर्गतका आयोजनाहरूका लागि आवश्यक जनशक्ति व्यवस्थापन कार्यको समन्वय,
- सम्पन्न आयोजनाहरूको मूल्याङ्कन गर्ने,
- नयाँ आयोजना तयारी तथा आयोजना नेगोसिएसन गर्ने,
- आयोजना बैंक तयारी गर्ने,
- कृषि विभाग अन्तर्गत रहेका वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरूसँग समन्वय तथा अनुगमन,
- कृषि क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूलाई कार्यक्रम कार्यान्वयनमा सहजीकरण तथा आवश्यक समन्वयको व्यवस्था ।

# कृषि विभाग फार्महरूको श्रेणीगत दरवन्दी

## क) कार्यालयहरूको श्रेणीगत दरवन्दी

| कार्यालय | प्राविधिकतर्फ | | | | | प्रशासनतर्फ | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | राजपत्रांकित | | | राजपत्र अनंकित | | राजपत्र अंकित | | राजपत्र अनंकित | | श्रेणी विहीन | | |
| | प्रथम | द्वितीय | तृतीय | प्रथम | द्वितीय | द्वितीय | तृतीय | प्रथम | द्वितीय | ह.स.चा. | का.स. | |
| कृषि विभाग, हरिहरभवन, ललितपुर | ५ | १२ | २१ | ६ | | १ | ३ | ४ | २ | ६ | ७ | ६७ |
| कृषि पूर्वाधार वि. तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, ललितपुर | १ | ४ | ३ | ३ | | | | २ | १ | ३ | ३ | २० |
| कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, नक्टाझिज, धनुषा | ० | १ | ३ | | | | | २ | १ | ३ | ५ | ३९ |
| केन्द्रीय कृषि प्रयोगशाला (माटो, बीउ र बाली संरक्षण), हरिहरभवन, ललितपुर | १ | ३ | ६ | ६ | ३ | | | २ | १ | ४ | ४ | ३१ |
| बाली विकास तथा कृषि जैविक विविधता केन्द्र, हरिहरभवन | १ | ३ | ५ | ३ | | | | २ | १ | २ | ३ | २१ |
| कृषि विकास फार्म, सुन्दरपुर | ० | १ | ३ | २ | | | | | २ | २ | ३ | १३ |
| कृषि विकास फार्म, चन्द्रडाँगी, झापा | ० | १ | ३ | २ | | | | | २ | २ | ३ | १३ |
| व्यावसायिक कीट विकास केन्द्र, हरिहरभवन | १ | २ | ५ | ३ | | | | २ | १ | २ | ३ | १९ |
| मौरी विकास केन्द्र, गोदावरी, ललितपुर | ० | १ | ३ | ३ | २ | | | | २ | १ | ५ | १७ |
| रेशम विकास केन्द्र, खोपासी | ० | १ | ३ | ३ | १ | | | | २ | १ | ६ | १७ |
| राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र, कीर्तिपुर | १ | २ | ८ | २ | | | | २ | १ | ३ | ३ | २३ |
| तरकारी बाली विकास केन्द्र, खुमलटार, ललितपुर | ० | १ | ३ | ३ | १ | | | | २ | २ | ३ | १५ |

| कार्यालय | प्राविधिकतर्फ | | | | | प्रशासनतर्फ | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | राजपत्रांकित | | | राजपत्र अनंकित | | राजपत्र अंकित | | राजपत्र अनंकित | | श्रेणी विहीन | | |
| | प्रथम | द्वितीय | तृतीय | प्रथम | द्वितीय | द्वितीय | तृतीय | प्रथम | द्वितीय | ह.स.चा. | का.स. | |
| तरकारी बीउ उत्पादन केन्द्र, रुकुम | ० | १ | २ | १ | २ | | | | २ | १ | ३ | १२ |
| अलैंची विकास केन्द्र, फिक्कल, इलाम | ० | १ | ३ | २ | १ | | | | २ | १ | ३ | १४ |
| आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक | ० | १ | ३ | ४ | | | | | २ | १ | ३ | १५ |
| राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर, काठमाडौं | १ | २ | ८ | २ | | | | २ | २ | ३ | ३ | २४ |
| समशीतोष्ण बागवानी केन्द्र, कीर्तिपुर, काठमाडौं | ० | १ | ६ | २ | ३ | | | १ | १ | २ | ७ | २३ |
| उष्णप्रदेशीय बागवानी केन्द्र, नवलपुर, सर्लाही | ० | १ | ५ | ७ | १ | | | १ | १ | २ | ५ | २५ |
| कफी विकास केन्द्र, आँपचौर, गुल्मी | ० | १ | २ | ३ | १ | | | १ | १ | १ | ४ | १४ |
| सुन्तलाजात फलफूल विकास केन्द्र, तानसेन, पाल्पा | ० | १ | २ | २ | | | | १ | १ | १ | ४ | १२ |
| शीतोष्ण बागवानी विकास केन्द्र, मार्फा, मुस्ताङ | ० | १ | ३ | ४ | ० | | | १ | १ | १ | ४ | १५ |
| **कूल दरवन्दी** | **११** | **४२** | **१०२** | **६६** | **१५** | **१** | **१** | **२३** | **३१** | **४४** | **८४** | **४४९** |

## ख) प्राविधिक दरवन्दी

| क्र.सं. | समूह | राजपत्रांकित | | | | राजपत्र अनंकित | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम | | द्वितीय | तृतीय | प्रथम | द्वितीय | |
| | | समूहकृत | समूहकृत नहुने | संख्या | संख्या | संख्या | संख्या | |
| १ | कृषि प्रसार | ० | ० | ३ | १८ | ५ | ०९ | २६ |
| २ | बागवानी | ० | ० | १५ | ३० | ३२ | ४ | ८६ |
| ३ | बाली सरक्षण | १ | ० | ७ | २५ | ९ | ० | ४६ |
| ४ | एग्री.इको. एण्ड मार्केटिङ | ० | ० | ७ | ६ | ७ | १ | २० |
| ५ | बाली | ० | ० | ४ | १० | ५ | १ | २० |
| ६ | माटो | ० | ० | ३ | ८ | २ | ० | १४ |
| ७ | कृषि इन्जिनियरिङ्ग | ० | ० | ३ | ५ | ४ | ० | १२ |
| ८ | सह-सचिव प्रा. | ० | १० | ० | ० | ० | ० | १० |
| | **जम्मा** | **१** | **१०** | **४२** | **१०२** | **६४** | **१५** | **२३४** |

## ग) प्रशासनिक तथा अन्य दरवन्दी

| कृषितर्फको प्रशासनिक दरवन्दी | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | समूह | राजपत्रांकित | | राजपत्र अनंकित | | श्रेणी विहीन | |
| | | द्वितीय | तृतीय | प्रथम | द्वितीय | | |
| १ | सामान्य प्रशासन | १ | १ | १० | २३ | ८४ | ११९ |
| २ | सामान्य प्रशासन (लेखा) | ० | १ | १३ | ८ | ० | २२ |
| ३ | विविध (तथ्याङ्क अधिकृत) | ० | १ | ७ | १ | ० | ९ |
| ४ | मेकानिकल इन्जिनियरिङ्ग | ० | ० | ६ | १० | ४ | २० |
| ५ | ह.स.चा. | ० | ० | ० | ० | ४५ | ४५ |
| | **जम्मा** | **१** | **३** | **३६** | **४२** | **१३३** | **२१५** |

# कृषि विभाग मातहतका निकायहरू

कृषि विभाग अन्तर्गतका ६ वटा राष्ट्रिय केन्द्रहरू, २ वटा आयोजनाहरू तथा १४ वटा फार्महरूलाई तलको तालिकामा समष्टिगत रूपमा देखाइएको छ। यसरी हेर्दा विभागसहित जम्मा २३ वटा निकायहरू रहेका छन्। यद्यपि विभागले संघ अन्तर्गतका ११ वटा सङ्घीय कृषि उपज बजारहरू र ती बजारहरूमा स्थापना गरिएका विषादी अवशेष द्रुत विश्लेषण एकाइहरूको समेत नियमन गर्छ।

| क्र.सं. | विभाग/केन्द्र/आयोजना |
|---|---|
| १ | कृषि विभाग, हरिहरभवन, ललितपुर |
| २ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, हरिहरभवन, ललितपुर |
| क | कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, नक्टाझीज, धनुषा |
| ३ | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर |
| क | कृषि विकास फार्म, चन्द्रडाँगी, झापा |
| ख | कृषि विकास फार्म, सुन्दरपुर, कञ्चनपुर |
| ४ | राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास केन्द्र, कीर्तिपुर, काठमाडौं |
| क | तरकारी बाली विकास केन्द्र, खुमलटार, ललितपुर |
| ख | तरकारी बीउ उत्पादन केन्द्र, रुकुम पश्चिम |
| ग | अलैंची विकास केन्द्र, फिक्कल, इलाम |
| घ | आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक |
| ५ | राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर, काठमाडौं |
| क | कफी विकास केन्द्र, गुल्मी |
| ख | शीतोष्ण बागवानी केन्द्र, मार्फा, मुस्ताङ्ग |
| ग | उष्ण प्रदेशीय बागवानी केन्द्र, नवलपुर, सर्लाही |
| घ | सुन्तलाजात फलफूल विकास केन्द्र, तानसेन, पाल्पा |
| ङ | समशीतोष्ण बागवानी केन्द्र, कीर्तिपुर, काठमाडौं |
| ६ | व्यवसायिक कीट विकास केन्द्र, हरिहरभवन, ललितपुर |
| क | रेशम विकास केन्द्र, खोपासी, काभ्रे |
| ख | मौरी विकास केन्द्र, गोदावरी, ललितपुर |
| ७ | केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन, ललितपुर |
| ८ | रानी जमरा कुलरिया सिंचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली |
| ९ | पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना, राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर, काठमाडौं |

## १. कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, हरिहरभवन

नेपाल एक कृषि प्रधान देश भएकोले कृषि क्षेत्रको विकास प्रयासमा राष्ट्रले प्राथमिकताका साथ साधन स्रोतहरू परिचालन गर्दै आएको छ । परिचालित साधन स्रोतहरू मुख्यतयाः रासायनिक तथा जैविक प्रयासहरूमा सीमित थिए भन्दा अत्युक्ति नहोला । फलस्वरूप खाद्य सुरक्षामा केही हदसम्म सफलता प्राप्त हुनुको साथै कृषि विकासको दरमा पनि वृद्धि भएको देखिन्छ । कृषि विकास रणनीतिले परिलक्षित गरेको कृषि विकासको वृद्धि दर हासिल गर्नको लागि कृषिको व्यवसायीकरण गर्नुका साथै कृषि बजार व्यवस्थापनमा पनि त्यतिकै ध्यान दिन आवश्यक छ । त्यसको लागि कृषि इन्जिनियरिङ्ग प्रविधिको योगदान पनि अत्यन्तै महत्वपूर्ण हुन सक्दछ । हाम्रो जस्तो कृषि प्रधान देशको सामाजिक तथा आर्थिक सम्वृद्धि गर्न ग्रामीण आय वृद्धिको आवश्यकता पर्दछ भने ग्रामीण आय, रोजगारी र खाद्य सुरक्षामा निर्भर गर्दछ । ग्रामीण क्षेत्रको कृषि आय तथा खाद्य सुरक्षा सुनिश्चित गर्न भूमि तथा श्रम उत्पादकत्व वृद्धि गर्न आवश्यक पर्दछ । यसको लागि कृषिमा व्यावसायिकरण, कृषि बजारमा सहज पहुँच तथा कृषि इन्जिनियरिङ साथै जैविक प्रविधिहरूको संयुक्त प्रयासको आवश्यकता पर्दछ । निर्वाहमुखी कृषि प्रणालीलाई बजारमूखी, प्रतिस्पर्धी र व्यवसायिक कृषि प्रणालीको रूपमा विकास गरी कृषि उपजको बिक्री वितरणलाई व्यवस्थित बजार प्रणालीबाट उपभोक्तासम्म सरल र उचित मूल्यमा पुऱ्याउन तीन दशक देखि सांगठनिक संरचना निर्माण तथा पुर्नगठन हुदै परिवर्तनका प्रयासहरू हुने क्रममा मिति २०६०/०८/०४ को नेपाल सरकारको निर्णय अनुसार २०६१ साल देखि कार्यान्वयनमा आएका तात्कालीन कार्यालयहरू कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय अन्तर्गतका बजारअनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन कार्यक्रम, कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम र कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम साथै कृषि इन्जिनियरिङ्ग निर्देशनालय समेत नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम राज्यको पुनः संरचनासँगै २०७५ भाद्र १ गते देखि उपरोक्त साविकका संरचनाहरूबाट सङ्घीय केन्द्रको रूपमा रहेको छ। यस केन्द्र अन्तर्गत कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, नक्टाझिज, जनकपुर पनि रहको छ ।

# संगठनात्मक संरचना

**प्रमुख**
रा.प.प्र.प्रा./कृषि/समूहकृत नहुने-१

**योजना, अनुगमन तथा समन्वय शाखा**
वरिष्ठ कृषि अर्थ विज्ञ, रा.प.द्वि. (कृषि/एगृ. इको.)-१
कृषि इन्जिनियर रा.प.तृ. (कृषि/एगृ. इन्जि.)-१
प्राविधिक सहायक, रा.प.अनं.प्र. (कृषि/एगृ. इन्जि.)-१
**जम्मा-३**

**बजार तथा अन्य पूर्वाधार विकास शाखा**
वरिष्ठ कृषि अर्थ विज, रा.प.द्वि. (कृषि/एगृ. इको.)-२
प्राविधिक सहायक, रा.प.अनं.प्र. (कृषि/एगृ. इको.)-१
**जम्मा-३**

**यान्त्रीकरण शाखा**
वरिष्ठ कृषि इन्जिनियर, रा.प. (कृषि/एगृ. इन्जि.)-१
कृषि इन्जिनियर, रा.प.तृ. (कृषि/एगृ. इन्जि.)-१
कृषि प्रसार अधिकृत रा.प.तृ. (कृषि/कृषि प्रसार)-१
**जम्मा-३**

**प्रशासन शाखा**
ना.सु. (रा.प.अनं. प्रथम/प्रशासन/सा. प्रशासन)-१
लेखापाल (रा.प.अनं. प्रथम/प्रशासन/लेखा)-१
खरिदार (रा.प.अनं. द्वितीय/प्रशासन/सा. प्रशासन)-१
कम्प्युटर अपरेटर (रा.प.अनं. प्रथम/विविध)-१
सवारी चालक (श्रेणी विहिन/इन्जि./मेका.)-३
का.स. (श्रेणी विहिन/प्रशासन/सा. प्रशासन)-३
**जम्मा-१०**

**१. कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, नक्टाभिज, धनुषा**
वरिष्ठ कृषि इन्जिनियर रा.प.द्वि.प्रा. (ए. इन्जि.)-१
कृषि इन्जिनियर रा.प.तृ.प्रा. (एम. इन्जि.)-२
कृषि प्रसार रा.प.तृ.प्रा. (कृषि प्रसार)-१
प्राविधिक सहायक रा.प.अनं.प्र. (इन्जि./मे.इ.)-१
प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा. (एगृ. इन्जि.)- २
प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा. (कृषि प्रसार)-१
सब-इन्जिनियर रा.प.अनं.प्र.प्रा. (इन्जि./मे.इ.)-१ (वेव डेभलपर टेक्निसियन)
सब-इन्जिनियर रा.प.अनं.प्र.प्रा. (इन्जि./मे.इ.)-४ (ड्रिलर टेक्निसियन)
सब-ओभरसियर रा.प.अनं.द्वि.प्रा. (इन्जि./मे.इ./नि.उ.)-४ (मेकानिक्स)
सब-ओभरसियर रा.प.अनं.डि.प्रा. (इन्जि./मे.इ.)-४ (सहायक ड्रिलर टेक्निसियन)
सब-ओभरसियर रा.प.अनं.डि.प्रा. (इन्जि./इलेक्ट्रिकस)-१ (सहायक इलेक्ट्रिसियन)
प्लम्बर रा.प.अनं.द्वि.प्रा. (इन्जि./निर्माण)-१ (प्लम्बर)
ड्रिलर हेल्पर रा.प.अनं.तृ.प्रा. (इन्जि./मे.इ.)-४ (ड्रिलर हेल्पर)
लेखापाल (रा.प.अनं. प्रथम/प्रशासन/लेखा)-१
कम्प्युटर अपरेटर (रा.प.अनं. प्रथम/विविध)-१
ना.सु.रा.प.अनं.प्र. (प्र./सा.प्र.)-१
खरिदार, रा.प.द्वि.-१
सवारी चालक श्रेणी विहीन-३
का.स. श्रेणी विहिन-५
**जम्मा-३९**

## दुरदृष्टि

आधुनिक तथा व्यावसायिक कृषि क्षेत्र ।

## लक्ष्य

कृषि पूर्वाधार विकास तथा यान्त्रीकरण सम्बन्धी कार्यहरूमा Center of Excellence को रूपमा रहँदै कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरणमा टेवा पुऱ्याउने ।

## उद्देश्य

- संघ, प्रदेश र स्थानीय तहको सहकार्य/समन्वयमा मुलुकभर आधुनिक कृषि पूर्वाधारहरूको निर्माण गरी कृषि व्यवसायको सहज वातावरण सिर्जना गर्ने,
- कृषि पूर्वाधार तथा कृषि औजार उपकरणहरूको राष्ट्रिय मापदण्ड तयार गरी गुण परीक्षणमार्फत यान्त्रीकीकरणमा टेवा पुऱ्याउने,
- आधुनिक कृषि यन्त्रहरूको प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने,
- जग्गाको चक्लाबन्दीमार्फत आधुनिक खेती प्रणालीको विकास तथा विस्तार गर्ने,
- पूर्ण यान्त्रीकरण खेती प्रणाली (Fully Mechanized Farm) हरूको प्रवर्द्धनात्मक कार्य गर्ने,

## कार्य विवरण

- कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरणको क्षेत्रमा देशको फोकल कार्यालयको रूपमा कार्य गर्ने,
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कृषि विभागको सम्बन्धित निकायसँग समन्वय गरी कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,
- अन्तर्गतका केन्द्रहरूको तालुक कार्यालयको रूपमा कार्य गर्ने,
- राष्ट्रियस्तरमा बजार पूर्वाधार निर्माण, स्तरोन्नती, सुधार तथा विकासमा सहयोग गर्ने,
- शीत भण्डारहरूको पूर्वाधार विकास तथा प्रवर्द्धनमा सहयोग गर्ने,
- सार्वजनिक निजी साझेदारीमा कृषि बजार पूर्वाधार विकास गर्ने,
- कृषि यान्त्रीकरण तथा पूर्वाधार विकास सम्वद्ध समस्या पहिचान र समस्या समाधानका लागि कृषि विभाग तथा मन्त्रालयलाई नीतिगत सुझाव दिने,
- अन्तर्गतका फार्म केन्द्रहरूमा नविनतम प्रविधि प्रदर्शन तालिम तथा प्रसारणको व्यवस्था सम्बन्धी कार्य,
- कृषि क्षेत्रका पूर्वाधारहरूको विकास तथा व्यवस्थापन कार्यक्रमहरू सञ्चालन गर्ने,
- देशव्यापी कृषि यन्त्रहरूको प्रवर्द्धन, प्रसार तथा सम्बद्ध कार्यहरू सञ्चालन गर्ने,
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि सिँचाइ सुविधाको प्रभावकारी उपयोग सम्बन्धी कार्यको समन्वय,

- कृषि यान्त्रीकरण एवम् पूर्वाधार विकासमा कृषक एवम् अन्य सरोकारवालाहरूको दक्षता एवम् क्षमता अभिवृद्धि,
- राष्ट्रियस्तरमा कृषि मेशीनरी तथा औजार उपकरण उत्पादक तथा वितरकहरूको क्षमता अभिवृद्धि गर्ने,
- स्थानीय तहबाट परम्परागत रूपमा उत्पादन भई प्रयोगमा आइरहेका कृषि यन्त्र र औजारहरूको अभिलेख तयार गरी उत्पादकको क्षमता र दक्षता अभिवृद्धि तथा औजारको क्षमता वृद्धि गर्न अध्ययन तथा कृषि यान्त्रीकरणसँग सम्बन्धित Ergonomic/Safety का कार्यहरू,
- Land consolidation (चक्लाबन्दी) मार्फत आधुनिक खेती प्रणालीको विकास तथा विस्तार गर्ने,
- सामुदायिक पोष्ट हार्भेष्ट तथा सामुदायिक कृषि यान्त्रीकरण सेवा स्थापनाको लागि आवश्यक सहयोग गर्ने,
- कृषि यान्त्रीकरण प्रवर्द्धन नीति, २०७१, अनुसार कार्यक्रम सञ्चालन गर्ने,
- राष्ट्रियस्तरमा यान्त्रीकरण कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा विश्लेषण सम्बन्धी कार्य गर्ने,
- पूर्ण यान्त्रीकरण खेती प्रणाली (Fully Mechanized Farm) हरूको प्रवर्द्धनात्मक कार्य गर्ने,
- नेपाल सरकारले तोकेको कृषि पूर्वाधार विकास, कृषि यान्त्रीकरण एवम् कृषि बजार प्रवर्द्धन सम्बन्धी अन्य कार्यहरू ।

**सम्पर्क**


- हरिहरभवन, ललितपुर ।
- फोन: ०१-५५२४२२७ ५५२४२२८
- वेभसाईट: http//caidmp.gov.np
- ई-मेल: campid2075@gmail.com


## मातहतका कार्यालय

### १. कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, नक्टाझिज, धनुषा

जनकपुर अञ्चल कृषि विकास योजना (जे.ए.डि.पी) नामले तत्कालीन श्री ५ को सरकार तथा मित्र राष्ट्र जापान सरकारको संयुक्त प्रयासबाट सञ्चालन भई २०२९ साल जेष्ठ महिनामा यस केन्द्रको कार्यालय जनकपुरधाममा स्थापना भयो । केन्द्रको प्रभाव क्षेत्र मुख्य रुपमा धनुषा, महोत्तरी, सर्लाही र सिराहा जिल्ला रहेकोमा आ.व. २०६६।६७ देखि कोशीदेखि नारायणीसम्मको तराईका ९ जिल्ला कायम गरिएको थियो । आ.व. २०७२।०७३ देखि तराईका बाँकी १२ जिल्ला समेत गरी जम्मा २१ जिल्लामा कृषक उपभोक्ताको मागको आधारमा स्यालो तथा डिप ट्यूववेल जडान सेवा विस्तार

गर्दै कृषकहरूको दिगो एवम् समुन्नत विकास तर्फ लक्षित रही काम गर्दै आईरहेको थियो ।

आ.व. २०७५/०७६ देखि भने यस केन्द्रको देशभरि नै कार्यक्षेत्र कायम भई भूमिगत जलस्रोतको उपयोग गरी सिँचित क्षेत्र विस्तार गर्ने, कृषिमा आधुनिक प्रविधि र यन्त्रहरूको प्रयोग बढाउन तालिम तथा प्रसारका कार्यक्रमहरू सञ्चालन गर्ने र साना तथा मझौला सिँचाइ प्रविधि विस्तार गर्ने कार्यहरू सुरु भएका छन् ।

### कार्य विवरण

#### कृषि यान्त्रीकरणतर्फ

- कृषि यान्त्रीकरण सम्बन्धी प्रदर्शन एवम् परीक्षण तथा प्रचार प्रसारका कार्यक्रम सञ्चालन गर्ने,
- राष्ट्रियस्तरको कृषि यान्त्रीकरण तथा यान्त्रिक सिँचाइको तालिम केन्द्र (Agri Mechanization & Machanical Training Centre) को रूपमा कार्य गर्ने,
- कृषि यान्त्रीकरण एवम् सिँचाइ व्यवस्थापनमा उपभोक्ताहरूको दक्षता एवम् क्षमता अभिवृद्धि,

#### भूमिगत जलस्रोत विकासतर्फ

- भूमिगत सिँचाइ सुविधाको विकास एवम् सिँचाइ सेवाको प्रभावकारी उपयोग सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि सिँचाइ सुविधाको प्रभावकारी उपयोग सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,
- सिँचाइ सुविधा विस्तारको लागि सौर्य उर्जा तथा शुन्य उर्जा प्रविधिको विद्युतीकरण सम्बन्धी कार्यहरू गर्ने,
- भूमिगत सिँचाइ सम्बन्धी पम्प, पम्प हाउस, ट्यूबवेल, नाला लगायतका संरचना पूर्वाधारहरूको विस्तार तथा मर्मत सम्भार गर्ने ।

## २. बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर

वि.सं. २०५२ सालमा कृषि विकास विभागको संगठनमा पुनः हेरफेर गरी तत्कालीन कृषि विकास विभागबाट कृषि विभाग, पशु सेवा विभाग र केन्द्रीय खाद्य अनुसन्धान प्रयोगशाला समेत गरी तीन फरक फरक विभाग खडा भए । सोही बमोजिम खाद्यान्न, दलहन तथा औद्योगिक बालीहरूको विकास तथा विस्तारका कार्यक्रमहरू कृषक एवम् जिल्लास्तरमा सञ्चालन गर्ने, केन्द्रीयस्तरमा सरोकारवाला निकायहरू बीच समन्वय र सहकार्य गर्ने र बाली विकासका राष्ट्रिय नीति तथा मापदण्ड एवम् कार्यविधिहरू तर्जुमा एवम् नियमन सम्बन्धी कार्य गर्नका लागी कृषि विभाग अन्तर्गत

वि.सं. २०५२ मा बाली विकास महाशाखाको स्थापना भएको थियो । यसैगरी वि.सं. २०५७ मा बाली विकास महाशाखाको नाम परिवर्तन गरी बाली विकास निर्देशनालय रहन गयो । पुन: वि.सं. २०६०/६१ मा परिमार्जन गरिएको कृषि विभागको संरचना अनुसार बाली विकास निर्देशनालय अन्तर्गत १ वटा राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रम र ५ वटा क्षेत्रीय बीउबिजन परीक्षण प्रयोगशालाको स्थापना भएको थियो ।

नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे बमोजिम राज्यको पुन: संरचनासँगै वि.सं. २०७५ मा उपरोक्त साविकका संरचनाहरूबाट सम्पादन गरिने कार्यहरू मध्ये बीउबिजन प्रयोगशाला सेवा बाहेक अन्य कार्य विवरणहरूलाई यथावत राख्दै कृषि जैविक विविधता सम्वद्ध विषयमा समेत राष्ट्रियस्तरमा विशेषज्ञ सेवा प्रदान गर्ने तथा राष्ट्रिय फोकल कार्यालयको रूपमा कार्य गर्ने, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण, सम्वर्द्धन एवम् प्रवर्द्धन सम्बन्धी राष्ट्रिय नीति, मापदण्ड तर्जुमा तथा नियमन गर्ने लगागतका कार्यहरू गर्ने गरी सङ्घीय निकायको रूपमा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुरको स्थापना गरिएको छ । यस केन्द्र अन्तर्गत २ वटा स्रोत केन्द्रहरू क्रमश: कृषि विकास फार्म, सुन्दरपुर, कञ्चनपुर र कृषि विकास फार्म, चन्द्रडाँगी, झापा रहेका छन् ।

## दुरदृष्टि

खाद्य तथा पोषण सुरक्षा सम्बन्धमा संविधान प्रदत्त मौलिक हकको प्रत्याभूतिका लागि सहयोगी निकायको रूपमा रहने ।

## लक्ष्य

खाद्यान्न, दलहन, तेलहन तथा औद्योगिक बालीहरूको व्यावसायीकरण तथा कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमार्फत खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता कायम गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने ।

## उद्देश्य

यस केन्द्रका बृहत् तथा निर्दिष्ट उद्देश्यहरू देहाय बमोजिमका रहेका छन् :

## बृहत् उद्देश्य

प्रमुख खाद्यान्न बाली, दलहन, तेलहन तथा औद्योगिक बालीको उत्पादन र उत्पादकत्व वृद्धिमार्फत खाद्य तथा पोषण सुरक्षा सुनिश्चत गरी देशलाई आत्मनिर्भर तुल्याउने ।

# संगठनात्मक संरचना

### प्रमुख
रा.प.प्र.प्रा. नेपाल कृषि (समूहकृत नहुने)-१

### आनुवांशिक स्रोत तथा जैविक प्रविधि शाखा
वरिष्ठ माटो विज्ञ, रा.प.द्वि.प्रा. (नेपाल कृषि/स्वायल साइन्स)-१
बागवानी विकास अधिकृत, रा.प.तृ.प्रा. (नेपाल कृषि/बागवानी)-१
बाली संरक्षण अधिकृत, रा.प.तृ.प्रा. (नेपाल कृषि/बाली संरक्षण)-१
प्राविधिक सहायक, रा.प.अनं.प्र.प्रा. (नेपाल कृषि/बागवनी)-१

### योजना तथा अनुगमन शाखा
वरिष्ठ कृषि अर्थ विज्ञ, रा.प.द्वि.प्रा. (नेपाल कृषि/एग्.इको. एण्ड मार्केटिङ्ग)-१
कृषि प्रसार अधिकृत, रा.प.तृ.प्रा. (नेपाल कृषि/कृषि प्रसार)-१
प्राविधिक सहायक, रा.प.अनं.प्र.प्रा. (नेपाल कृषि/कृषि प्रसार)-१

### प्राविधिक शाखा
वरिष्ठ बाली विकास अधिकृत, रा.प.द्वि.प्रा. (नेपाल कृषि/बाली विकास)-१
बाली विकास अधिकृत, रा.प.तृ.प्रा. (नेपाल कृषि/बाली विकास)-१
कृषि प्रसार अधिकृत, रा.प.तृ.प्रा. (नेपाल कृषि/कृषि प्रसार)-१
प्राविधिक सहायक, रा.प.अनं.प्र.प्रा. (नेपाल कृषि/कृषि प्रसार)-१

### कृषि विकास फार्म, चन्द्रडाँगी, झापा
वरिष्ठ बाली विकास अधिकृत, रा.प.द्वि.प्रा. (नेपाल कृषि/बाली)-१
बाली विकास अधिकृत, रा.प.तृ.प्रा. (नेपाल कृषि/बाली)-२
कृषि प्रसार अधिकृत, रा.प.तृ.प्रा. (नेपाल कृषि/कृषि प्रसार)-१
प्राविधिक सहायक, रा.प.अनं.प्र.प्रा. (नेपाल कृषि/बाली विकास)-२
सह-लेखापाल, रा.प.अनं.द्वि.प्रा. (नेपाल प्रशासन/लेखा)-१
खरिदार, रा.प.अनं.द्वि.प्रा. (नेपाल प्रशासन/सा.प्र.)-१
सवारी चालक, (श्रेणी विहिन)-२
का.स., (श्रेणी विहिन)-३

### कृषि विकास फार्म, सुन्दरपुर, कञ्चनपुर
वरिष्ठ बाली विकास अधिकृत, रा.प.द्वि.प्रा. (नेपाल कृषि/बाली विकास)-१
बाली विकास अधिकृत, रा.प.तृ.प्रा. (नेपाल कृषि/बाली विकास)-२
कृषि प्रसार अधिकृत, रा.प.तृ.प्रा.(नेपाल कृषि/कृषि प्रसार)-१
प्राविधिक सहायक, रा.प.अनं.प्र.प्रा. (नेपाल कृषि/बाली विकास)-२
सह-लेखापाल, रा.प.अनं.द्वि.प्रा. (नेपाल प्रशासन/लेखा)-१
खरिदार, रा.प.अनं.द्वि.प्रा. (नेपाल प्रशासन/सा.प्र.)-१
सवारी चालक, (श्रेणी विहिन)-२
का.स., (श्रेणी विहिन)-३

---

लेखापाल, रा.प.अनं.प्र.प्रा. (नेपाल प्रशासन/लेखा)-१
कम्प्युटर अपरेटर, (विविध)-१
नायब सुब्बा, रा.प.अनं.प्र.प्रा. (नेपाल प्रशासन/सा.प्र.)-१
खरिदार, रा.प.अनं.द्वि.प्रा. (नेपाल प्रशासन/सा.प्र)-१
सवारी चालक, (श्रेणी विहिन)-२
का.स., (श्रेणी विहिन)-३

## निर्दिष्ट उद्देश्य

- खाद्यान्न, दलहन, तेलहन तथा औद्योगिक बालीहरूको उत्पादन र उत्पादकत्व वृद्धिमार्फत् खाद्य तथा पोषण सुरक्षाको सुनिश्चततासँगै कृषकको आयस्तरमा सुधार ल्याउनु,
- केन्द्रको कार्य क्षेत्र अन्तर्गत पर्ने उपरोक्त बालीहरूको उन्नत खेती प्रविधि विस्तार एवम् प्रसार, बजार व्यवस्थापनसँगै मूल्य-शृङ्खलालाई सुदृढ तुल्याउनु,
- कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र उपयोगमार्फत कृषकको आयस्तरमा सुधार ल्याई दिगो कृषि विकासमा सहयोग पुऱ्याउनु,
- बाली विकाससँग सम्बन्धित संघ, प्रदेश र स्थानीय सरकारका सबै निकायहरूसँग नीतिगत एवम् कार्यगत समन्वय र सहकार्य गरी खाद्यान्न, दलहन, तेलहन र औद्योगिक बालीको प्रवर्द्धन गर्ने,
- केन्द्रको कार्य क्षेत्र अन्तर्गत पर्ने बालीको व्यावसायीकरणका लागि नीतिगत, संरचनागत तथा कानूनी व्यवस्थाका लागि सहजीकरण गर्ने ।

## कार्य विवरण

- बाली विकास सम्बन्धित राष्ट्रिय नीति तथा मापदण्ड तर्जुमा एवम् नियमन सम्बन्धी कार्य गर्ने,
- बाली विकास तथा जैविक विविधता सम्वद्ध विषयमा राष्ट्रियस्तरमा विशेषज्ञ सेवा प्रदान गर्ने तथा राष्ट्रिय फोकल कार्यालयको रूपमा कार्य गर्ने,
- राष्ट्रियस्तरमा बाली स्रोत केन्द्र स्थापना र सञ्चालन सम्बन्धी राष्ट्रिय नीति, मापदण्ड तर्जुमा तथा नियमन गर्ने,
- बाली विकास सम्वद्ध समस्या पहिचान र समस्या समाधानका लागि नीतिगत सुझाव उपलब्ध गराउने,
- राष्ट्रिय महत्वका बालीहरूको राष्ट्रिय वासलात तयारीका लागि प्राविधिक सहयोग पुऱ्याउने,
- राष्ट्रियस्तरमा बीउबिजनमा आत्मनिर्भरता सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन तथा सहजीकरण गर्ने, तथा उन्नत बीउको प्रयोग एवम् पहुँच वृद्धि तथा खाद्यान्न बालीको समुचित उपभोग सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने,
- बीउ मूल्य-शृङ्खला विकास (Seed value Chain Development) सम्बन्धी आवश्यक कार्य गर्ने,
- खाद्यान्न, दलहन, तेलहन, औद्योगिक बाली लगायतको राष्ट्रिय महत्वका विशेष उत्पादन कार्यक्रम (जस्तैः मिशन कार्यक्रम) तर्जुमा तथा सञ्चालन गर्ने,

- बाली अनुसन्धान र विकास तथा बीउबिजन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी, गैरसरकारी संस्था, कृषक समुदाय तथा निजी निकायहरूसँग समन्वय गरी नविनतम बाली विकास प्रविधिहरूको पहिचान तथा प्रसार गर्ने,
- बाली विकास तथा कृषि जैविक विविधता संरक्षण एवम् सम्वर्द्धन सम्बन्धी सङ्घीय, प्रदेश तथा स्थानीय तहमा सञ्चालन भएका कार्यक्रमहरूमा समन्वय तथा सहकार्य गर्ने एवम् सञ्चालित कार्यक्रमहरूको अनुगमन, निरीक्षण तथा सुपेरीवेक्षण गरी आवश्यक पृष्ठपोषण सहित प्राविधिक सेवा उपलब्ध गराउने,
- राष्ट्रियस्तरमा आनुवांशिक स्रोत तथा कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोगको तथा विकास र विस्तारका लागि राष्ट्रिय नीति तथा मापदण्ड तर्जुमा एवम् नियमन सम्बन्धी कार्य गर्ने,
- अन्तर्राष्ट्रिय आनुवांशिक स्रोत केन्द्र तथा विकास एवम् प्रवर्द्धन केन्द्रसँग नेपाल सरकारमार्फत सम्बन्ध स्थापित गर्ने तथा आनुवांशिक स्रोत एवम् अन्य सहयोग प्राप्त गर्ने,
- कृषि जैविक विविधता नीति, २०६३ (पहिलो संशोधन २०७१) कार्यान्वयनमा सहजीकरण गर्ने तथा राष्ट्रियस्तरमा कृषि जैविक विविधता संरक्षण, सम्वर्द्धन एवम् प्रवर्द्धन तथा प्रसार सम्बन्धी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन एवम् समन्वय गर्ने,
- केन्द्रको मातहतमा रहेका कार्यालयहरूको अनुगमन, निरीक्षण तथा सुपेरीवेक्षण गरी आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने,
- राष्ट्रिय कृषि नीति २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३, कृषि विकास रणनीति, २०१५–२०३५ तथा अन्य नीतिहरूलाई अनुसरण गर्दै आयात प्रतिस्थापन एवम् खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि गर्न खाद्यान्न, दलहन, तेलहन एवम् औद्योगिक बालीमा राष्ट्रिय महत्वका विशेष उत्पादन कार्यक्रम (अभियानमुखी कार्यक्रम) सञ्चालनमा सम्बन्धित निकायहरूलाई सहजीकरण गर्ने ।
- नवउन्मोचित तथा उन्मोचन्मुख बाली विशेषका जातहरूको कृषकस्तरमा व्यापक प्रसारका लागि सम्बन्धित निकायहरूसँग समन्वय तथा सहकार्य गर्ने
- बाली विकास तथा कृषि जैविक विविधता सम्बन्धी राष्ट्रियस्तरको तथ्याङ्क संकलन, विश्लेषण तथा प्रकाशन गर्ने
- राष्ट्रियस्तरमा बालीहरूको पोष्ट हार्भेष्ट व्यवस्थापन सम्बन्धी प्रविधि विकास र विस्तारका लागि राष्ट्रिय नीति, मापदण्ड तथा नियमन तथा प्रविधि प्रसारका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने
- नेपाल सरकारले तोकेको बाली विकास तथा कृषि जैविक विविधता संरक्षण तथा प्रवर्द्धन सम्बन्धी अन्य कार्यहरू ।

**सम्पर्क**

- श्रीमहल, ललितपूर
- फोनः ०१- ५५५०२२६
- ई-मेलः cdabc2018@gmail.com
- वेभसाईटः doacrop.gov.np

## मातहतका कार्यालयहरू

### १. कृषि विकास फार्म, चन्द्रडाँगी, झापा

यो फार्म झापा जिल्लाको शिवसताक्षी नगरपालिका वडा न ७, चन्द्रडाँगीमा अवस्थित छ । २०३२ सालमा कन्काई सिँचाइ आयोजनाको फिल्ड अफिस, कर्मचारी आवास तथा फार्म प्रयोजनको लागि सिँचाइ मन्त्रालय अन्तर्गत स्थापना गरिएको थियो । कूल ८४ विगाहा क्षेत्रफल कृषकबाट खरिद गरी लिइएको यो फार्म, २०५० सालमा कृषि विकास मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने भनी कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई हस्तान्तरण भएको र २०५२ सालमा विकास समिति ऐन, २०११ ले दिएको अधिकार प्रयोग गरी गठन आदेश मार्फत चन्द्रडाँगी बीउबिजन तथा दुग्ध विकास समिति अन्तर्गत व्यवस्थापन गरिएको थियो ।

वि.सं. २०७२ को नेपालको संविधान बमोजिम राज्यको पुर्नसंरचना पश्चात् मिति २०७५।५।३१ मा चन्द्रडाँगी बीउबिजन तथा दुग्ध विकास समिति विघटन भएपछि यो फार्मलाई सङ्घीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर अन्तर्गत राखिएको छ ।

**कार्य विवरण**

- विभिन्न बालीहरूको सोत बीउ उत्पादन तथा वितरण गर्ने,
- नार्कसँगको सहकार्यमा जातीय प्रदर्शन एवम् परीक्षण सञ्चालन गर्ने,
- नार्कसँगको सहकार्यमा जातीय संरक्षण र सम्वर्द्धन गर्ने,
- कृषिजन्य जैविक विविधता संरक्षण तथा सम्बर्द्धधन सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने,
- बीउ उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम प्रदान गर्ने तथा आवश्यकता अनुसार विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- फर्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उच्चतम परिचालन गर्ने,
- बाली विकास तथा जैविक विविधता संरक्षण सम्बन्धी राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमामा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रलाई पृष्ठपोषण प्रदान गर्ने,

- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- फर्म व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

## २. बाली विकास फार्म, सुन्दरपुर, कञ्चनपुर

कृषि विकास फार्म सुन्दरपुर कञ्चनपुर जिल्लाको बेदकोट नगरपालिका वडा नं. ०९, सुन्दरपुरमा अवस्थित छ । महाकाली सिँचाइ आयोजना अन्तर्गत कृषि पायलट फार्मको रुपमा सिँचाइ मन्त्रालय अन्तर्गत २०३७ मा स्थापना गरिएको थियो । कूल २४ हेक्टरमा फार्मको फिल्ड बुक साविक महाकाली सिँचाइ आयोजनाको नाममा कायम रहेको भए तापनि फार्ममा हाल १७.३३ हेक्टर क्षेत्रफल रहेको छ । तत्कालीन मन्त्रिपरिषद्को मिति २०५९/०४/०३ को निर्णय अनुसार कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि विभागलाई हस्तान्त्रण गर्ने निर्णय भएकोमा कृषि विभागले साविक जिल्ला कृषि विकास कार्यालय कञ्चनपुरलाई कृषि पायलट फार्म र सो फार्ममा रहेका भवनहरू सहित १८ जना कर्मचारीहरू समेत हस्तान्त्रण गरेको र आ.व.२०६०/६१ मा साविक क्षेत्रीय कृषि तालीम केन्द्रको स्वामित्वमा आएकोमा कृषि विभागको मिति २०६५/१०/०३ को निर्णय अनुसार सुन्दरपुर परिसर भित्र रहेका बाली संरक्षण, बीउबिजन, माटो परीक्षण प्रयोगशालाले ५/५ कट्ठाका दरले र क्षेत्रीय कृषि तालीम केन्द्रले १० कट्ठा जमिन प्रयोग गर्ने गरी बाँकी जमिनमा बीउबिजन प्रयोगशाला सुन्दरपुरले सोत बीउ उत्पादन गर्दै आइरहेको थियो ।

वि.सं. २०७२ को नेपालको संविधान बमोजिम राज्यको पुर्नसंरचना पश्चात् नेपाल सरकारको मिति २०७५।३।२७ गतेको निर्णय अनुसार यस फार्मलाई सङ्घीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर अन्तर्गत राखिएको हो ।

### कार्य विवरण

- विभिन्न बालीहरूको सोत बीउ उत्पादन तथा वितरण गर्ने,
- नार्कसँगको सहकार्यमा जातीय प्रदर्शन एवम् परीक्षण सञ्चालन गर्ने,
- नार्कसँगको सहकार्यमा जातीय संरक्षण र सम्वर्द्धन गर्ने,
- कृषिजन्य जैविक विविधता संरक्षण तथा सम्वर्द्धन सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने,
- बीउ उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम प्रदान गर्ने तथा आवश्यकता अनुसार विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- फर्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उच्चतम परिचालन गर्ने,
- बाली विकास तथा जैविक विविधता संरक्षण सम्बन्धी राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमामा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रलाई पृष्ठपोषण प्रदान गर्ने,

- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- फर्म व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

## ३. राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र, खुमलटार

कृषि विकासमा विषय विशेषज्ञताको महत्वलाई प्राथमिकता दिई कृषि सेवालाई छिटो र छरितो किसिमले कृषक समक्ष पुऱ्याउन विक्रम सम्वत् २०२४ सालमा बागवानी लगायत पाँच विभागहरूको गठन भएको थियो । एकीकृत उत्पादन प्रणाली भएको हुँदा नेपाली कृषकका लागि प्रशासकीय तथा आर्थिक दृष्टिले धेरै विभागबाट सेवा प्रवाह कार्य सञ्चालन गर्नु व्यवहारिक नदेखिएकोले बिक्रम सम्वत् २०२९ सालमा तत्कालीन पाँचै विभागहरूलाई गाभेर एउटै कृषि विभागको रूपमा पुर्नगठन गरियो । यसै पुर्नगठनमा बाली विशेषका विकास कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न कृषि विभाग अन्तर्गत बाली विकास शाखाहरू समेत स्थापना गर्ने योजना बमोजिम तरकारी, मसला तथा आलु बालीहरूको तालुक अड्डाको रूपमा २०२९ सालमा तरकारी विकास शाखाको स्थापना गरियो । बागवानीको प्रचुर सम्भावना र आर्थिक उन्नतिमा यसले खेल्न सक्ने भूमीकालाई मध्यनजर गरी २०४७ सालमा वागवानी विभागको स्थापना गरिएको थियो । यसै क्रममा कृषि मन्त्रालयको २०४९ सालमा नयाँ संरचना बनेपछि कृषि मन्त्रालय अन्तर्गत रहेका ५ वटा विभागहरूलाई एकीकृत गरी २०४९ श्रावण १ गते देखि एक छाता (One Umbrella Concept) अन्तर्गत राख्ने योजना अनुसार एउटै कृषि विकास विभागको स्थापना गरियो र तरकारी विकास शाखालाई तरकारी विकास महाशाखामा परिणत गरिएको थियो ।

कृषि विभाग अन्तर्गतका विभिन्न महाशाखाहरू छुट्टै कार्यालयका रूपमा सञ्चालित भई आएकोमा वि.सं. २०५६ श्रावणदेखि विभागको सहयोगी महाशाखाहरूको रूपमा लिइयो र आ.व. २०५६/५७ देखि आर्थिक कारोवार समेत विभागबाटै सञ्चालन गरी महाशाखाको अधिकार क्षेत्रलाई सागुरो बनाइयो । यसो हुँदा प्रशासनिक प्रक्रिया पुरा गर्दा-गर्दै सेवा प्रवाह कार्यको गतिमा मन्दता आयो । यो प्रक्रियाले विकासको गतिमा प्रतिकुल असर पारेको महसुश गरी यी महाशाखाहरूलाई नेपाल सरकार (म.प.) को मिति २०५७।०३।२६ को निर्णयानुसार तत्कालीन कृषि तथा सहकारी मन्त्रालयले संगठनात्मक संरचनामा केही फेरबदल गरी पुनः छुट्टै कार्यालयको पहिचान दियो । यस पटक महाशाखाहरूलाई मातहतका अन्य कार्यालयहरूको प्रशासनिक एवम् आर्थिक कार्यमा मार्गदर्शन गर्ने गरी कार्यक्रम निर्देशनालय भनी नामाकरण गरियो, अलग-अलग दरवन्दी भएको र छुट्टा-छुट्टै कार्यक्रम बजेट भएका दुई कार्यालयहरू आलु विकास शाखालाई राष्ट्रिय आलु बाली विकास कार्यक्रम र सुठो तथा अलैंची विकास शाखालाई राष्ट्रिय मसला बाली विकास कार्यक्रम २०४९ श्रावण १ गते देखि तरकारी विकास

निर्देशनालयको प्रशासनिक नियन्त्रणमा राखिएकोमा आ.व. २०५७/५८ देखि आर्थिक कारोबार समेत निर्देशनालयले हेर्ने गरी अख्तियारी दिईएकोमा नेपाल सरकारको निर्णयानुसार आ.व. २०६०/६१ देखि पुनः आर्थिक कारोवार छुट्टा-छुट्टै गरिएको थियो ।

यसै क्रममा देशको सङ्घीयतामा प्रवेश तथा राजनैतिक र प्रशासनिक पुर्नसंरचनामा तत्कालीन तरकारी विकास निर्देशनालय, राष्ट्रिय आलु बाली विकास कार्यक्रम र राष्ट्रिय मसला बाली विकास कार्यक्रमलाई एकै ठांउमा गाभेर नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।०३।३२ को निर्णय अनुसार कृषि विभाग अन्तर्गत राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रको स्थापना भयो ।

## दुरदृष्टि

व्यावसायिक तरकारी विकास कार्यक्रमलाई भौगोलिक अवस्था तथा हावापानी सुहाउँदो, यातायात, बजार सुविधा तथा अन्य भौतिक सुविधा भएका स्थानहरूमा केन्द्रित गरी गुणस्तरीय तरकारी बीउ, ताजा तरकारी, आलु, कन्दमूल र मसला बालीहरूको उत्पादनमा वृद्धि ल्याउन उन्नत प्रविधिको विकास र विस्तार गरी उत्पादकत्वमा वृद्धि ल्याई कृषकहरूको आयस्तर बढाउन सहयोग पुऱ्याउने ।

## लक्ष्य

देशको विभिन्न भौगोलिक क्षेत्रहरूमा सम्भाव्यताको आधारमा गुणस्तरीय तरकारी बीउ, ताजा तरकारी, आलु, कन्दमूल र मसला बालीहरूको उत्पादनमा वृद्धि ल्याउन उन्नत प्रविधिको विकास र विस्तार गरी उत्पादकत्वमा वृद्धि ल्याई कृषकहरूको आयस्तर बढाउन सहयोग पुऱ्याउने ।

## उद्देश्य

- देशको विभिन्न भौगोलिक क्षेत्रहरूमा सम्भाव्यताको आधारमा गुणस्तरीय तरकारी बीउ, ताजा तरकारी, आलु, कन्दमूल र मसला बालीहरूको उत्पादनमा वृद्धि ल्याउन उन्नत प्रविधिको विकास र विस्तार गरी उत्पादकत्वमा वृद्धि ल्याई कृषकहरूको आयस्तर बढाउन सहयोग पुऱ्याउने,
- तरकारी बीउ (प्रजनन्, मूल र उन्नत), ताजा तरकारी, खायन तथा बीउ आलु (बेसिक तथा आलु बीया) र मसलाजन्य बालीहरूको बीउ र बिरूवाको उत्पादन बढाई आयात प्रतिस्थापन गरी आत्मनिर्भरता हासिल गर्नुको साथै निर्यात प्रवर्द्धन गर्ने,
- ताजा तरकारी, आलु, मसला र कन्दमूलहरूको उपभोगस्तर बढाउदै जनताको पोषण स्थितिमा सुधार ल्याउने ।

# संगठनात्मक संरचना

**प्रमुख**
रा.प.प्रथम/कृषि/समूहकृत नहुने-१

**योजना, अनुगमन तथा समन्वय शाखा**

१. बरिष्ठ बागवानी विकास अधिकृत रा.प.द्वि. (कृषि/बागवानी)-१
२. बागवानी विकास अधिकृत, रा.प.तृ. (कृषि/बागवानी)-१
३. कृषि अर्थ विज्ञ, रा.प.तृ. (कृषि/एग्.इको.)-१
४. प्राविधिक सहायक, रा.प.अनं.प्र. (कृषि/एग्.इको.)-१

**प्राविधिक शाखा**

१. वरिष्ठ बागवानी विकास अधिकृत, रा.प.द्वि. (कृषि/बागवानी/-१
२. बागवानी विकास अधिकृत, रा.प.तृ. (कृषि/बागवानी)-३
३. कृषि प्रसार अधिकृत, रा.प.तृ. (कृषि/कृषि प्रसार)-१
४. बाली संरक्षण अधिकृत, रा.प.तृ. (कृषि/बाली संरक्षण)-१
५. माटो विज्ञ. रा.प.तृ. (कृषि/माटो)-१
६. प्राविधिक सहायक, रा.प.अनं.प्र. (कृषि/बागवानी)-१

**प्रशासन शाखा**

१. नायब सुब्बा (प्रशासन/सा.प्र./रा.प.अनं.प्र.)-१
२. लेखापाल (प्रशासन/लेखा/रा.प.अनं.प्र.)-१
३. कम्प्युटर अपरेटर (विविध/रा.प.अनं.प्र.)-१
४. खरिदार (प्रशासन/सा.प्र./रा.प.अनं.द्वि.)-१
५. हलुका सवारी चालक (श्रेणी विहीन)-३
६. कार्यालय सहयोगी (श्रेणी विहीन)-३

**१. तरकारी बाली विकास केन्द्र, खुमलटार, ललितपुर**

वरिष्ठ बागवानी विकास अधिकृत रा.प.द्वि.प्रा. (बागवानी)-१
बागवानी विकास अधिकृत रा.प.तृ.प्रा. (बागवानी)-२
बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा (बाली संरक्षण)-१
प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा. (बागवानी)-३
नायब प्राविधिक सहायक रा.प.अनं.द्वि.प्रा. (बागवानी)-१
सह-लेखापाल रा.प.अनं.द्वि.प्रा. (लेखा)-१
खरिदार रा.प.अनं.द्वि.प्रा. (सा. प्रशासन)-१
हलुका सवारी चालक (श्रेणी विहिन)-२
का.स. (श्रेणी विहिन)-३
**जम्मा-१५**

**२. तरकारी बीउ उत्पादन केन्द्र, रुकुम**

वरिष्ठ बागवानी विकास अधिकृत रा.प.द्वि.प्रा. (बागवानी)-१
बागवानी विकास अधिकृत रा.प.तृ.प्रा. (बागवानी)-१
बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा. (बाली संरक्षण)-१
प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा. (बागवानी)-१
नायब प्राविधिक सहायक रा.प.अनं.द्वि.प्रा. (बागवानी)-२
सह-लेखापाल रा.प.अनं.द्वि.प्रा. (लेखा)-१
खरिदार रा.प.अनं.द्वि.प्रा. (सा. प्रशासन)-१
हलुका सवारी चालक (श्रेणी विहिन)-१
का.स. (श्रेणी विहिन)-३
**जम्मा-१२**

**३. आलुबाली विकास केन्द्र निगाले, सिन्धुपाल्चोक**

वरिष्ठ बागवानी विकास अधिकृत रा.प.द्वि.प्रा. (बागवानी)-१
बागवानी विकास अधिकृत रा.प.तृ.प्रा. (बागवानी)-२
बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा. (बाली संरक्षण)-१
माटो विज्ञ रा.प.तृ.प्रा. (माटो)-१
प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा. (बागवानी)-४
सह-लेखापाल रा.प.अनं.द्वि.प्रा. (लेखा)-१
खरिदार रा.प.अनं.द्वि.प्रा. (सा. प्रशासन)-१
हलुका सवारी चालक (श्रेणी विहिन)-१
का.स. (श्रेणी विहिन)-३
**जम्मा-१५**

**४. अलैंची विकास केन्द्र, फिक्कल, इलाम**

वरिष्ठ बागवानी विकास अधिकृत रा.प.द्वि.प्रा. (बागवानी)-१
बागवानी विकास अधिकृत रा.प.तृ.प्रा. (बागवानी)-२
बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा. (बाली संरक्षण)-१
माटो विज्ञ रा.प.तृ.प्रा. (माटो)-१
प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा. (बागवानी)-२
नायब प्राविधिक सहायक रा.प.अनं.द्वि.प्रा. (बागवानी)-१
सह-लेखापाल रा.प.अनं.द्वि.प्रा. (लेखा)-१
खरिदार रा.प.अनं.द्वि.प्रा. (सा. प्रशासन)-१
हलुका सवारी चालक (श्रेणी विहिन)-१
का.स. (श्रेणी विहिन)-३
**जम्मा-१४**

## कार्य विवरण

- अन्तर्गतका फार्म केन्द्रहरुलाई आवश्यक नीतिगत तथा कार्यक्रमगत निर्देशन र पृष्ठपोषण,
- आलु, तरकारी तथा मसला बाली प्रवर्द्धनको क्षेत्रमा देशको फोकल कार्यालय,
- सम्बन्धित बाली वस्तुको राष्ट्रिय महत्वका विशेष उत्पादन कार्यक्रम जस्तैः मिशन तथा फोकस कार्यक्रम तर्जुमा तथा सञ्चालन,
- नेपाल कृषि अनुसन्धान परिषद्सँगको समन्वयमा आलु, तरकारी तथा मसला बाली विकास सम्वद्ध समस्या पहिचान र समस्या समाधानका लागि कृषि विभागलाई नीतिगत सुझाव प्रदान गर्ने,
- अन्तर्गतका फार्म, केन्द्रहरूमा नविनतम प्रविधि प्रदर्शन तथा प्रसारणको व्यवस्था सम्बन्धी कार्य,
- बीउ तथा विरुवा लगायतका प्रसारण सामग्रीहरूको उत्पादन तथा वितरणको व्यवस्था,
- आलु, तरकारी तथा मसला बाली सम्वद्ध विषयमा राष्ट्रियस्तरमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- फार्म केन्द्र व्यवस्थापनका लागि कृषि विभागलाई आवश्यक परामर्श उपलव्ध गराउने,
- प्राङ्गारिक कृषिको फोकल कार्यालय भई कार्य सञ्चालन,
- तरकारी, आलु र मसला बालीका बीउबिजन र विरुवाको गुणस्तर निर्धारण र नियमनमा प्राविधिक सुझाव,
- तरकारी, आलु र मसला बाली विकासमा आवद्ध सरकारी, गैरसरकारी, निजी एवम् अन्य संस्थाहरूसँग समन्वय एवम् सहकार्य गर्ने,
- नेपाल सरकारले तोकेको आलु, तरकारी तथा मसला बाली विकास सम्बन्धी अन्य कार्यहरू ।

## मातहतका कार्यालयहरू

### १. तरकारी बाली विकास केन्द्र, खुमलटार

नेपालको आर्थिक विकासका लागि विशेष गरी तरकारी खेतीले महत्वपूर्ण योगदान दिन सक्ने कुरालाई दृष्टिगत गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तत्कालीन संरचना अनुसार विक्रम सम्वत् २०३० सालमा तरकारी बीउ उत्पादन केन्द्रको स्थापना भएको हो । स्थापना कालदेखि नै यो केन्द्रले तरकारी बालीहरूको जातीय विकास कार्य गर्दै आएको छ । यस केन्द्रद्वारा केही तरकारी बालीहरूका उत्कृष्ट जातहरू छनौट गरी उन्नत जातहरूको विकास गरिएको छ र ती जातहरू मध्ये तत्कालीन नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयले उन्मोचित गरी व्यवसायिक तरकारी खेतीको लागि सिफारीस गरिएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा कृषि

विभाग अन्तर्गतका सबै अनुसन्धान आयोजनाहरूको योजना कार्यान्वयन, अनुगमन र सुपरीवेक्षण सम्बन्धी कार्य हालको नेपाल कृषि अनुसन्धान परिषद्बाट गराउने गरी मिति २०४४।०७।२५ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार तरकारी बाली सम्बन्धी अनुसन्धानात्मक कार्यहरू नेपाल कृषि अनुसन्धान परिषद्लाई जिम्मा दिएपछि यस केन्द्रले मुख्यतः तरकारी बालीहरूको विभिन्न जातहरूका प्रजनन् एवम् मूल बीउ उत्पादन गरी जातीय सम्वर्द्धन कार्यलाई निरन्तरता दिनुको साथ-साथै तरकारी बेर्ना उत्पादन तथा तरकारी खेतीमा संलग्न कृषकहरूलाई प्राविधिक सेवा -टेवा दिई रहेको छ । वि.सं. २०५२।०४।०१ देखि कृषि तथा सहकारी मन्त्रालयको संगठनात्मक परिवर्तन पश्चात् यस केन्द्रलाई कृषि विभागको क्षेत्रीय कृषि निर्देशनालय अन्तर्गत राखी सञ्चालन हुँदै आएकोमा पछि यो केन्द्र नेपाल सरकारको वि.सं. २०५८ सालको निर्णय अनुसार तरकारी विकास निर्देशनालय अन्तर्गत संचालित भई रहेको थियो ।

वि.सं. २०७२ को नेपालको संविधान बमोजिम राज्यको पुर्नसंरचना पश्चात् मिति २०७५।०३।३२ को निर्णयअनुसार कृषि विभाग अन्तर्गत राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र स्थापना भयो र यसै अन्तर्गत तरकारी बाली विकास केन्द्र, खुमलटार छ ।

### कार्य विवरण

- तरकारी बालीको जातीय संरक्षण एवम् सम्र्द्धन,
- तरकारी बालीको विकास सम्बन्धी राष्ट्रिय व्यवसायिक नीति तथा योजना तर्जुमामा राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य,
- तरकारी बालीको बीउ तथा बेर्ना उत्पादन र वितरण,
- तरकारी बाली उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम एवम् प्राविधिक सेवा प्रदान गर्ने,
- सम्बन्धित विषयमा बिशेषज्ञ सेवा प्रदान गर्ने,
- तरकारी बालीको विकास सम्बन्धमा नजिकको कृषि अनुसन्धान केन्द्र, सम्बन्धित ज्ञान केन्द्रहरू तथा अन्य सम्बन्धित निकायहरूसँग समन्वय एवम् सहकार्य गर्ने,
- फार्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action Oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- तरकारी बालीको विकास सम्बन्धमा राष्ट्रिय सोत केन्द्रको रुपमा कार्य गर्ने,
- शहर केन्द्रीत तरकारी उत्पादन प्रविधि प्रदर्शन गर्ने,
- नेपाल सरकारले तोकेको तरकारी विकास सम्बन्धी अन्य कार्यहरू ।

## २. तरकारी बीउ उत्पादन केन्द्र, रुकुम

नेपालमा तरकारी बीउ उत्पादनको विकास दिन प्रति दिन बढ्दै गइरहेको छ । तरकारी बीउ उत्पादनलाई प्रत्यक्ष सहयोग पुऱ्याउन सरकारीस्तरबाट तरकारी बीउ उत्पादन केन्द्र, रूकुमले महत्वपूर्ण कार्यहरू गर्दै आइरहेको छ । जहाँ तरकारीको ज्यादा माग हुन्छ त्यहाँ तरकारी खेती प्रशस्त मात्रामा गरिन्छ । त्यसको लागि असल किसिमको गुणस्तरयुक्त तरकारीको बीउको आवश्यकता पर्दछ । असल खालको गुणस्तरयुक्त तरकारी बीउ उत्पादन गर्नको लागि उपयुक्त हावापानी भएको स्थान, दक्ष प्राविधिकहरू तथा उक्त स्थानमा कृषकहरूमा जागरूकताको आवश्यकता पर्छ । यसै सन्दर्भमा, नेपाल सरकारले अधिराज्यका विभिन्न स्थानमा वागवानी फार्म, केन्द्रहरूको स्थापना गर्ने क्रममा यस तरकारी बीउ उत्पादन केन्द्र, रूकुमको पनि स्थापना गरेको हो । वि.सं. २०३५ सालमा यस तरकारी बीउ उत्पादन केन्द्रको स्थापना भएपछि तरकारी बाली सम्बन्धी अध्ययन परीक्षण, जातीय सम्वर्द्धन तथा संरक्षण, प्रजनन् तथा मूल बीउ उत्पादन र वितरण जस्ता महत्वपूर्ण कार्यहरू केन्द्रीयस्तरको बीउ उत्पादन केन्द्रको रूपमा तरकारी विकास निर्देशनालयको नीति निर्देशनमा रही गर्दै आईरहेको थियो । २०६१ श्रावणबाट नयाँ संरचना अनुसार यस केन्द्रलाई बाली विशिष्ट नाम दिई समशीतोष्ण तरकारी बीउ उत्पादन केन्द्र नामाकरण गरी यस केन्द्रको प्राविधिक, आर्थिक एवम् प्रशासनिक कार्य तरकारी विकास निर्देशनालयको मातहतमा राखिएको थियो ।

वि.सं. २०७२ को नेपालको संविधान बमोजिम राज्यको पुर्नसंरचना पश्चात् मिति २०७५।०३।३२ को निर्णयअनुसार कृषि विभाग अन्तर्गत राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास केन्द्र स्थापना भयो र यसै अन्तर्गत यस केन्द्रको पुनः तरकारी बीउ उत्पादन केन्द्र, रुकुम नामाकरण गरियो ।

### कार्य विवरण

- विभिन्न तरकारी बालीहरूको जातीय संरक्षण एवम् सम्वर्द्धधन गर्ने,
- तरकारी बालीको विकास सम्बन्धी राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमामा राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य,
- विभिन्न तरकारी बालीहरूको प्रजनन् तथा मूल बीउ उत्पादन गरी बीउ उत्पादक कृषकहरूलाई वितरण गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action Oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- बीउ उत्पादक कृषक तथा बीउ व्यवसायीहरूलाई तरकारी बीउ उत्पादन सम्बन्धी तालिम दिने,

- तरकारी बीउ उत्पादक कृषकहरूलाई प्राविधिक सेवा टेवा उपलब्ध गराउने,
- कृषकस्तरमा उत्पादित तरकारी बीउको गुणस्तर नियन्त्रण तथा सुपरीवेक्षण गर्ने,
- तरकारीको बीउ परीक्षण सेवा सञ्चालन गर्ने,
- विभिन्न तरकारी बालीको बीउ तथा बीउ उत्पादन प्रविधि सम्बन्धी स्रोत केन्द्रको रुपमा कार्य गर्ने,
- तरकारी बीउ उत्पादन सम्बन्धमा कृषि अनुसन्धान केन्द्र, सम्बन्धित कृषि ज्ञान केन्द्रहरू तथा अन्य सम्बन्धित निकायहरूसँग समन्वय एवम् सहकार्य गर्ने,
- तरकारी बीउ उत्पादन तथा ताजा तरकारी उत्पादनमा नविनतम प्रविधिको प्रयोग एवम् प्रदर्शन गर्ने,
- नेपाल सरकारले तोकेको तरकारी विकास सम्बन्धी अन्य कार्यहरू ।

## ३. अलैंची विकास केन्द्र, फिक्कल, इलाम

कोशी प्रदेश, इलाम जिल्लाको सुर्योदय नगरपालिकाको पान्दाम भन्ने स्थानमा वि.सं. २०३२ सालमा अलैंची विकास आयोजनाको नाममा ३४५ रोपनी जग्गा खरिद भई अलैंची अनुसन्धान तथा विकास कार्यक्रमको थालनी भएको पाईन्छ। वि.सं. २०३९ सालमा तत्कालीन अलैंची विकास आयोजना नेपाल चिया विकास निगममा गाभिएको र वि.सं. २०४४ मा नेपाल सरकारको निर्णयले २०४५ साल भाद्र २९ देखि नेपाल चिया विकास निगमबाट अलग भई अलैंची बाली विकास कार्यक्रम नामाकरण भएको थियो। कृषि विभागको परिवर्तित संरचना अन्तर्गत वि.सं. २०४७ मा वागवानी विभाग अन्तर्गत रही पुनः वि.सं. २०४९ मा कृषि विभागको एकीकरण पश्चात् कृषि विकास विभाग अन्तर्गत रही वि.सं. २०५० सालदेखि अलैंची विकास केन्द्रको रूपमा अलैंची विकास सम्बन्धी कार्य गर्दै आएको छ र अलैंची बाली हेर्ने नेपाल भरिको यो एउटा मात्र सरकारीस्तरको केन्द्र हो ।

वि.सं. २०७२ को नेपालको संविधान बमोजिम राज्यको पुर्नसंरचना पश्चात् मिति २०७५।०३।३२ को निर्णयअनुसार कृषि विभाग अन्तर्गत राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास केन्द्र स्थापना भयो र यसै अन्तर्गत अलैंची विकास केन्द्र, फिक्कल रहेको छ ।

### कार्य विवरण

- अलैंचीको जातीय संरक्षण एवम् सम्वर्द्धन,
- अलैंची विकास सम्बन्धी राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमामा राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य,
- नविनतम प्रविधि जस्तैः तन्तु प्रजनन् आदिको उपयोग गरी रोगरहित अलैंची बेर्ना उत्पादन तथा वितरणको कार्य गर्ने,

- अलैँची उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम तथा प्राविधिक सेवा प्रदान गर्ने,
- सम्बन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- अलैँचीको विकास सम्बन्धमा कृषि अनुसन्धान केन्द्र, सम्बन्धित कृषि ज्ञान केन्द्रहरू तथा अन्य सम्बन्धित निकायहरूसँग समन्वय एवम् सहकार्य गर्ने,
- फार्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- अलैँचीको बीउ, बेर्ना र प्रविधिको राष्ट्रिय स्रोत केन्द्रको रुपमा कार्य गर्ने,
- अलैँची उत्पादन सम्बन्धी उन्नत प्रविधिको प्रदर्शन गर्ने,
- नेपाल सरकारले तोकेको अलैँची विकास सम्बन्धी अन्य कार्यहरू ।

## ४. आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक

राष्ट्रको आलु बाली विकास कार्यक्रमलाई सहयोग पुऱ्याउन बीउ आलु, आलु बीयाँ (T.P.S.) उत्पादन एव अन्य आलु उत्पादन सम्बन्धी प्रविधिको विकास गर्ने उद्देश्यले वि.सं. २०३२ सालमा सिन्धुपाल्चोक जिल्लाको लिसङ्गुपाखर गाउँपालिका (साबिक जेठल गा.वि.स. वडा नं. ९) निगालेमा यस केन्द्रको स्थापना भएको हो । स्थापना कालदेखि गुणस्तरीय बीउ उत्पादनको अलावा आलु उत्पादन प्रविधिहरू बाह्य सेवा कार्यक्रम अन्तर्गत किसान समुदायमा हस्तान्तरण गर्ने, आई.सि.एम. कृषक पाठशाला एवम् स्थलगत तालिम, प्रदर्शनी आदि कार्यक्रम सञ्चालन गरी आलु बाली विकास सम्बन्धी कार्य गर्दै आएको छ । यस केन्द्रले स्थापनाकाल २०३२ देखि नै राष्ट्रियस्तरमा आलु बाली विकासका कार्यक्रमहरू मध्ये बीउ आलु उत्पादनमा प्रमुख भूमिका खेल्दै आएकोमा आ.व. २०४४/४५ मा खैरो पिप चक्के रोगको कारण बीउ आलु उत्पादन कार्यक्रम बन्द हुन पुग्यो । तथापि खैरो पिप चक्के रोगको नियन्त्रण एवम् व्यवस्थापन गर्दै रोग नियन्त्रणमा ल्याई आ.व. २०५२/५३ देखि पुनः बीउ आलु उत्पादन कार्यक्रमको साथै वाह्य सेवा सञ्चालन कार्यक्रम तथा बीयाँबाट आलु खेती प्रविधिको प्रसार समेत गर्दै वि.सं. २०५४/५५ देखि आलु बीयाँ समेत उत्पादन गर्न सक्षम भई वार्षिक औसत १५ के.जी. आलु बीयाँ उत्पादन गर्दै आएको छ ।

वि.सं. २०७२ को नेपालको संविधान बमोजिम राज्यको पुर्नसंरचना पश्चात् मिति २०७५।०३।३२ को निर्णयअनुसार कृषि विभाग अन्तर्गत राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास केन्द्र स्थापना भयो र यसै अन्तर्गत यस केन्द्रको पुनः आलु बाली विकास केन्द्र, निगाले नामाकरण गरीयो ।

**कार्य विवरण**

- आलु बालीको जातीय संरक्षण एवम् सम्वर्द्धन,
- आलु बालीको विकास सम्बन्धी राष्ट्रिय व्यवसायिक नीति तथा योजना तर्जुमामा राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य,
- टिस्यु कल्चर प्रविधिको उपयोग गरी रोगरहित बीउ आलु उत्पादन तथा वितरणको कार्य,
- टि.पि.एस. तथा टिस्युकल्चर लगायतका प्रविधिको प्रयोग गरी आलु उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम तथा प्राविधिक सेवा प्रदान गर्ने,
- सम्बन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- आलु बालीको विकास सम्बन्धमा कृषि अनुसन्धान केन्द्र, सम्बन्धित ज्ञान केन्द्र तथा अन्य सम्बन्धित निकायहरूसँग समन्वय एवम् सहकार्य गर्ने,
- फार्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- टि.पि.एस., पि.वि.एस. र बीउ आलुको राष्ट्रिय स्रोत केन्द्रको रुपमा कार्य गर्ने,
- आलु बाली उत्पादन सम्बन्धी उन्नत प्रविधिको प्रदर्शन गर्ने,
- नेपाल सरकारले तोकेको आलु बाली विकास सम्बन्धी अन्य कार्यहरू ।

## ४. राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर

नेपालमा बागवानीजन्य बालीहरूको विकास विस्तारका प्रचुर सम्भावनालाई मध्यनजर राख्दै विगतमा योजनाबद्ध विकासको पहिलो पञ्चवर्षीय योजना वि.सं. २०१३ सालबाट सुरु हुनुभन्दा अगावै तत्कालीन सरकारले वि.सं. २०१२ मा पहिलो पटक हर्टिकल्चर सेक्सनका रूपमा कृषि विभाग अन्तर्गत स्थापना भई २०१८ सालदेखि कीर्तिपुरमा स्थानान्तरण गरियो । यसै गरी वि.सं. २०२२ सम्ममा देशभरी बागवानी विकासका कामहरू अघि बढाउन १४ वटा बागवानी फार्महरूको स्थापना गरी कार्यक्रमलाई अझ विस्तारित गरियो । वि.सं. २०२३ सालमा कृषि विभागलाई ५ वटा विभागमा विभाजन गरी प्रथम पटक फलोद्यान विभाग गठन गरिएको थियो । वि.सं. २०२९ सालमा पाँचवटा विभागलाई एउटै कृषि विभागमा पुनर्गठन गरियो । बागवानी बालीहरूको विकासका लागि फलफूल, तरकारी विकास शाखा र स्वतन्त्र रूपमा राष्ट्रिय सुन्तलाजात फलफूल विकास कार्यक्रम तथा राष्ट्रिय आलु बाली विकास कार्यक्रमको स्थापना पनि यसै सालमा भयो । वि.सं. २०४७ सालमा कृषि विभागलाई पुन: विघटन गरी कृषि विभागबाट बागवानी विभाग अलग गरियो र २०४९ सालमा

विभागलाई पुनः एकै छाता मुनीको सिद्धान्त अनुरूप कृषि विकास विभागमा समायोजन गरी बागवानीलाई २ वटा महाशाखामा विभाजन गरी फलफूल विकास महाशाखा र तरकारी विकास महाशाखाको गठन गरियो । त्यसपछि वि.सं. २०५७ सालमा फलफूल र तरकारी विकास महाशाखाहरूलाई छुट्टाछुट्टै निर्देशनालयहरूमा रूपान्तरित गरी फलफूल विकास निर्देशनालयको रूपमा रही फलफूल, कफी, चिया, पुष्प आदि सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका थिए । नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम राज्यको पुनः संरचनासँगै वि.सं. २०७५ सालमा उपरोक्त साविकको संरचनाबाट सम्पादन गरिने कार्यहरूलाई यथावत राख्दै तथा अन्य कार्य विवरणहरू सहित राष्ट्रियस्तरमा विशेषज्ञ सेवा प्रदान यस केन्द्रको स्थापना भएको हो ।

## दुरदृष्टि

फलफूल बालीको बजारमुखी उत्पादनमा वृद्धि, खाद्य, पोषण तथा वातावरण सुरक्षा तथा समावेशी आर्थिक सम्वृद्धि ।

## लक्ष्य

फलफूल उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।

## उद्देश्य

- गुणस्तरीय फलफूलको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषकहरूको आयस्तर बढाउने,
- फलफूल उद्योगका लागि कच्चा पदार्थ आपूर्ति गर्ने,
- व्यावसायिक फलफूल खेतीमार्फत रोजगारी तथा आयस्तर वृद्धि गर्ने,
- निर्यात योग्य फलफूलहरूको निर्यात ब्यापार प्रवर्द्धन गर्ने,
- भू-क्षय रोकथाम तथा वातावरण संरक्षणमा टेवा पुऱ्याउने,
- कृषि पर्यटन विकासमा टेवा पुऱ्याउने ।

## संगठनात्मक संरचना

**प्रमुख**
रा.प.प्र.प्रा/कृषि-समुहकृत नहुने -१

**योजना, अनुगमन तथा समन्वय शाखा**
वरिष्ठ बागवानी विकास अधिकृत (रा.प.द्वि.प्रा. बागवानी) -१
बागवानी विकास अधिकृत (रा.प.तृ.प्रा. बागवानी) - १
कृषि प्रसार अधिकृत (रा.प.तृ.प्रा. कृषि प्रसार)-१
कृषि अर्थविज्ञ (रा.प.तृ.प्रा. एगृ. इको.) - १
प्राविधिक सहायक (रा.प.अनं.प्र.प्रा(एगृ.इको) - १
(५)

**प्राविधिक शाखा**
वरिष्ठ बागवानी विकास अधिकृत (रा.प.द्वि.प्रा. बागवानी)-१
बागवानी विकास अधिकृत (रा.प.तृ.प्रा. बागवानी) -२
कृषि प्रसार अधिकृत (रा.प.तृ.प्रा. कृषि प्रसार)-१
बाली संरक्षण अधिकृत (रा.प.तृ.प्रा.बाली संरक्षण)-१
माटो विज्ञ (रा.प.तृ.प्रा. स्वायल साइन्स) - १
प्राविधिक सहायक (रा.प.अनं.प्र.प्रा.बागवानी) - १
(७)

**प्रशासन शाखा**
लेखापाल (रा.प.अनं.प्र.) -१
कम्प्युटर अपरेटर(रा.प.अनं.प्र.) -१
ना.सु.(रा.प.अनं.प्र. ) -१
खरिदार (रा.प.अनं.द्वि. प्र.) - १
ह.स.चा. (श्रेणी विहिन) - ३
का.स.(श्रेणी विहिन) - ३
(१०)

१.उष्ण प्रदेशीय बागवानी केन्द्र नवलपुर, सर्लाही (२६)

२.समशितोष्ण बागवानी केन्द्र, कीर्तिपुर, काठमाडौं (२३)

३.सुन्तलाजात फलफूल विकास केन्द्र, तानसेन, पाल्पा (१२)

४.कफी विकास केन्द्र,आँपचौर,गुल्मी (१४)

५.शितोष्ण बागवानी विकास केन्द्र,मार्फा, मुस्ताङ (१५)

## कार्य विवरण

आफ्नो विषय क्षेत्रमा प्राविधिक आधिकारिक निकायको रूपमा काम गर्ने र तत् सम्बन्धी सम्पूर्ण जिम्मेवारी वहन गर्ने गरी यस केन्द्रको कार्य विवरण देहाय बमोजिम रहेका छन्,

- अन्तर्गतका फार्म/केन्द्रहरूलाई आवश्यक नीतिगत तथा कार्यक्रमगत निर्देशन र पृष्ठपोषण गर्ने,
- फलफूल विकास प्रवर्द्धनको क्षेत्रमा देशको फोकल कार्यालय,
- फलफूल बाली वस्तुको राष्ट्रिय महत्वका विशेष उत्पादन कार्यक्रम जस्तै मिशन कार्यक्रम तर्जुमा तथा सञ्चालन गर्ने,
- फलफूल विकाससँग सम्बन्धित समस्या पहिचान र समस्या समाधानका लागि कृषि विभागलाई नीतिगत सुझाव प्रदान गर्ने,
- अन्तर्गतका फार्म/केन्द्रहरूमा नविन प्रविधि प्रदर्शन तथा प्रसारणको व्यवस्था सम्बन्धी कार्य गर्ने,
- फलफूलहरूको प्रसारण सामग्री उत्पादन तथा वितरणमा समन्वयको व्यवस्था,
- फलफूल सम्बन्धी विषयमा राष्ट्रियस्तरमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- फार्म/केन्द्र व्यवस्थापनका लागि कृषि विभागलाई आवश्यक परामर्श उपलब्ध गराउने,
- नेपाल सरकारले तोकेको फलफूल विकास सम्बन्धी अन्य कार्यहरू ।

### सम्पर्क

- कीर्तिपुर, काठमाडौं
- फोन: ०१-४३३१६१९
- वेभसाईट: www.ncfd.gov.np
- ईमेल: ncfd.gov.np@gmail.com

## मातहतका कार्यालयहरू

### १. समशीतोष्ण बागवानी केन्द्र, कीर्तिपुर

नेपालको आर्थिक विकासमा कृषि क्षेत्र अन्तर्गत बागवानी उपक्षेत्रको महत्वपूर्ण योगदान हुने विषयलाई दृष्टिगत गरी बागवानी सुधार, प्रवर्द्धन, अनुसन्धान एवम् विस्तार गर्ने उद्देश्यले वि.सं. २०१९ सालमा काठमाडौंको कीर्तिपुरमा तत्कालीन श्री ५ को सरकार र भारत सरकारको संयुक्त प्रयासमा काठमाडौं अनुसन्धान बगैंचाको नाममा स्थापना भएको थियो । वि.स. २०२० सालमा यसलाई बागवानी अनुसन्धान केन्द्र, कीर्तिपुर नामाकरण गरियो । देशको चौतर्फी विकासमा बागवानी विकासको अपरिहार्यतालाई महसुश गरी मध्य पहाडी भागमा द्रुत गतिले फलफूल खेती सम्बन्धी

अध्ययन, अनुसन्धान एवम् उत्पादनतर्फ लक्षित गरियो । कृषि तथा सहकारी मन्त्रालय तथा कृषि विभाग अन्तर्गतका सवै अनुसन्धान आयोजनाहरूको योजना कार्यान्वयन, अनुगमन र सुपरिवेक्षण सम्बन्धी कार्य (राष्ट्रिय कृषि अनुसन्धान तथा सेवा केन्द्र) हालको नेपाल कृषि अनुसन्धान परिषद्, खुमलटारबाट गराउने गरी मिति २०४४।०७।२५ मा तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०४४।०९।१७ देखि यस केन्द्रलाई उक्त परिषद् अन्तर्गत राखिएको थियो । आ.व. २०४६/४७ मा यस केन्द्रको नामाकरण राष्ट्रिय बागवानी अनुसन्धान कार्यक्रम गरी तदनुसार यस कार्यक्रम अन्तर्गत गरिने कार्यक्रमको लक्ष्य तथा कार्यक्रमहरू बढी अनुसन्धान मुलक क्षेत्रमा प्राथमिकता दिइयो । पुनः मिति २०४९।०४।०१ देखि यस कार्यालयलाई कृषि विकास विभाग (हाल २०५२।०४।०१ देखि कृषि विभाग) अन्तर्गत राखी बागवानी केन्द्र, कीर्तिपुरको नामबाट कार्यक्रमहरू संञ्चालन हुँदै आई रहेकोमा बि.स. २०६१ साल वैशाख महिनादेखि लागू भएको नयाँ विभागीय संरचना अनुसार यस केन्द्रलाई केन्द्रीयस्तरको प्राथमिकतामा राखी केन्द्रीय वागवानी केन्द्र, कीर्तिपुर नामाकरण गरिएको थियो । वर्तमान परीपेक्षमा देश सङ्घीयतामा गएसँगै यो केन्द्र संघ अन्तर्गत रहेको र यसको नाम केन्द्रीय वागबानी केन्द्रबाट परिवर्तन भई समशीतोष्ण वागबानी केन्द्र भएको छ ।

आर्थिक वर्ष २०४३/४४ देखि २०५५/५६ सम्म वाह्र वर्ष यस केन्द्रको करिब ८ हेक्टर क्षेत्रफलमा जापान सरकारको सहयोगमा बागवानी विकास आयोजनाले विभिन्न हिउँदे फलफूलको (नास्पाती, अङ्गुर, हलुवाबेद, कटुस, आदि) तथा सुन्तलाजात फलफूल (सुन्तला, जुनार, आदिको) अध्ययन अनुसन्धान तथा परीक्षणका कार्यक्रमहरू सञ्चालन गऱ्यो भने उक्त आयोजना आ.व. २०५६/५७ देखि समाप्त भएको हुनाले आ.व. २०५७/५८ देखि उक्त आयोजनाले सञ्चालन गर्दै आएको सम्पूर्ण कार्यक्रमहरू समेत यसै केन्द्रले नियमित कार्यक्रम अन्तर्गत सञ्चालन गरी अध्ययन, परीक्षणका कार्यहरूलाई निरन्तरता दिँदै आईरहेको छ ।

### कार्य विवरण

- समशीतोष्ण फलफूलको जातीय संरक्षण एवम् सम्वर्द्धन,
- समशीतोष्ण फलफूल विकास सम्बन्धी राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमामा केन्द्रीय फलफूल विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य,
- समशीतोष्ण फलफूलका प्रसारण सामग्री उत्पादन तथा वितरण,
- समशीतोष्ण फलफूल उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम प्रदान गर्ने सम्बन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- समशीतोष्ण फलफूल विकास सम्बन्धमा नजिकको कृषि अनुसन्धान केन्द्र तथा ज्ञान केन्द्रसँग समन्वय एवम् सहकार्य गर्ने,
- फर्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,

- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- समशीतोष्ण फलफूल विकास सम्बन्धमा राष्ट्रिय स्रोत केन्द्रको रुपमा कार्य गर्ने,
- समयमा कार्यसम्पादनको प्रगति विवरण राष्ट्रिय फलफूल विकास केन्द्रलाई उपलब्ध गराउने ।

## २. सुन्तलाजात फलफूल विकास केन्द्र, पाल्पा

वि.सं. २०२५ सालमा कृषि फार्म प्रयोगशालाको नाममा स्थापित भई वि.सं. २०४९/५० मा नाम परिवर्तन भई बागवानी फार्म, पाल्पा नामाकरण भएको । वि.सं. २०५२ सालमा पुनः बागवानी केन्द्र नामाकरण गरिएको । पछि २०६१।०८।०४ को निर्णयले सुन्तलाजात फलफूल विकास केन्द्र, पाल्पा नामाकरण भएको छ । हाल सुन्तलाजात फलफूल विकास केन्द्र, पाल्पा नामाकरण गरिए तापनि पुरानो बागवानी फार्म/केन्द्रले पुऱ्याउँदै आएको सम्पूर्ण बागवानी सेवाहरू यथावत राखी सुन्तलाजात फलफूलहरूको स्रोत केन्द्रको रुपमा विकास गरिँदै लगिएको छ । यस केन्द्रले वर्षेनी फलफूलतर्फ सुन्तलाजातका (सुन्तला, जुनार, कागतीका विभिन्न जातका), विभिन्न फूलका विरुवाहरू तथा तरकारी बीउ उत्पादनतर्फ मूला (प्युठाने रातो), सिमी (चौमासे) र प्याज (एग्रीफाउण्ड डार्करेड) जातका स्रोत बीउहरू उत्पादन गरी माग अनुसार सुलभ तरिकाबाट विक्री वितरण गर्दै आइरहेको छ ।

### कार्य विवरण

- सुन्तलाजात फलफूलको जातीय संरक्षण एवम् सम्वर्द्धन,
- सुन्तलाजात फलफूल विकास सम्बन्धी राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमामा राष्ट्रिय फलफूल विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य गर्ने,
- सुन्तलाजात फलफूलका प्रसारण सामग्री उत्पादन तथा वितरण गर्ने,
- सुन्तलाजात फलफूल उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम प्रदान गर्ने,
- सम्बन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- सुन्तलाजात फलफूल विकास सम्बन्धमा नजिकको कृषि अनुसन्धान केन्द्र तथा ज्ञान केन्द्रसँग समन्वय एवम् सहकार्य गर्ने,
- फार्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action–oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- सुन्तलाजात फलफूल विकास सम्बन्धमा राष्ट्रिय सोत केन्द्रको रुपमा कार्य गर्ने ।
- समयमा कार्यसम्पादनको प्रगति विवरण राष्ट्रिय फलफूल विकास केन्द्रलाई उपलब्ध गराउने ।

## ३. कफी विकास केन्द्र, गुल्मी

कफी विकास केन्द्रको स्थापना २०४२ साल फाल्गुन ०७ गते भएको हो र यो केन्द्र नेपाल सरकारको लगानी रहेको नेपालको कफी विकाससँग सम्बन्धित कार्य गर्ने एक मात्र फार्म केन्द्र हो । यो फार्म कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, राष्ट्रिय फलफूल विकास केन्द्र अन्तर्गत रहेको छ। यस फार्मको कूल क्षेत्रफल २१३ रोपनी ८ आना रहेको छ । कफी विकास केन्द्र नेपालको एकमात्र कफीको स्रोतकेन्द्र लगायत कफी विकास सम्बन्धी विभिन्न गतिविधि सञ्चालन गर्ने सङ्घीय संरचनामा रहेको फार्म हो । यो केन्द्र लुम्बिनी प्रदेश अन्तर्गत गुल्मी जिल्लाको मुसीकोट नगरपालिका वडा नं ५, आँपचौरमा अवस्थित रहेको छ । वि.सं. २०४१ साल माघ २ गते देखि फाल्गुण १ सम्म तत्कालीन राजा विरेन्द्र वीर विक्रम शाहदेवबाट पश्चिमाञ्चल विकास क्षेत्रको अनौपचारिक भ्रमणको अवसरमा गुल्मीको मुख्य कफी क्षेत्र रहेको आँपचौरको भ्रमण पश्चात् कफी विकासको लागि निर्देशन दिए बमोजिम कार्यक्रम सञ्चालन हुन थाल्यो, सोही निर्देशन कार्यान्वयन गर्नका लागि वि.सं. २०४२ साल फाल्गुण ७ गते कफी विकास केन्द्रको स्थापना भएको हो । स्थापनाकालदेखि नै यस केन्द्रले कफीको बीउ तथा विरुवा उत्पादन वितरण, कफीको जर्मप्लाज्म संरक्षण तथा सम्वर्द्धन, समस्या समाधानका लागि स-साना कार्यमुखी (Action oriented) अध्ययन परीक्षण, तालिम तथा प्राविधिक सेवा उपलब्ध गराउँदै आइरहेको छ। स्थापना कालमा यसको क्षेत्रफल २७.८ रोपनी मात्र भएकोमा आ.व. २०७३/७४ मा ९.४५ रोपनी जग्गा प्राप्तिपछि यसको कूल क्षेत्रफल ३७.३३ रोपनी भएको छ ।

### कार्य विवरण

- कफीको जातीय संरक्षण एवम् सम्वर्द्धन,
- कफी विकास सम्बन्धी राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमामा राष्ट्रिय फलफूल विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य गर्ने,
- कफी प्रसारण सामग्री उत्पादन तथा वितरण गर्ने,
- कफी उत्पादन, प्रशोधन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम प्रदान गर्ने,
- सम्बन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- कफी विकास सम्बन्धमा नजिकको कृषि अनुसन्धान केन्द्र तथा ज्ञान केन्द्रसँग समन्वय एवम् सहकार्य गर्ने,
- फार्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action–oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- कफी विकास सम्बन्धमा राष्ट्रिय स्रोत केन्द्रको रुपमा कार्य गर्ने ।
- समयमा कार्यसम्पादनको प्रगति विवरण राष्ट्रिय फलफूल विकास केन्द्रलाई उपलब्ध गराउने ।

## ४. शीतोष्ण बागवानी विकास केन्द्र, मुस्ताङ्ग

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, राष्ट्रिय फलफूल विकास केन्द्र अन्तर्गत रहेको यस शीतोष्ण बागवानी विकास केन्द्रको स्थापना तत्कालीन श्री ५ को सरकारको तेश्रो पञ्चवर्षीय योजनाकालमा भारतीय सहयोग नियोग र नेपाल सरकारको संयुक्त प्रयासमा २०२३ साल भाद्र १४ गते बगैंचा तथा नर्सरीको रुपमा स्थापना भएको हो । मुस्ताङ्ग जिल्ला घरपझोङ गाउँपालिका वडा नं. २ मा अवस्थित यस केन्द्रले ५३ वर्षको लामो अवधिमा विभिन्न विभाग, परिषद् अन्तर्गत रही (अर्चाड कम नर्सरी थाक मार्फा २०२३ साल, कृषि फार्म थाक मार्फा २०२९ साल, राष्ट्रिय शीतोष्ण बागवानी अनुसन्धान केन्द्र मार्फा २०४३ साल, बागवानी केन्द्र मार्फा, २०५२ साल र शीतोष्ण बागवानी विकास केन्द्र मार्फा २०६१ साल) विभिन्न बागवानीजन्य क्रियाकलापहरू सञ्चालन गर्दै राष्ट्रिय स्रोत केन्द्रको रुपमा कार्य गर्दै आएको छ । स्थापनाकालमा २० रोपनी जमिनबाट सुरु भएको यस केन्द्रले २०२९ र २०३५ सालमा जग्गा बढाउँदै हाल १७६ रोपनी (१७५ रोपनी मार्फामा र १ रोपनी जोमसोममा) क्षेत्रफलमा फैलिएको छ । सशस्त्र द्वन्द्वको समयमा वि.सं. २०५८ सालदेखि केन्द्रको स्वामित्वमा रहेको थासाङ-४, घाँसा स्थित २० रोपनी जग्गा सुरक्षा निकाय (नेपाली सेना) ले प्रयोग गर्दै आइरहेको छ ।

यस केन्द्र जिल्लाको सदरमुकाम जोमसोम देखि ७ किलोमिटर दक्षिण कालीगण्डकीको किनारमा अवस्थित छ । केन्द्र २८° २०' देखि २९° ०५' उत्तरी अक्षांश र ८३° ३०' देखि ८४° १५' पूर्वी देशान्तरमा अवस्थित छ भने समुद्री सतहदेखि २६५० मिटर उचाईमा रहेको छ ।

### कार्य विवरण

- स्याउ, नासपाती, ओखर लगायतका शीतोष्ण फलफूलको जातीय संरक्षण एवम् सम्वर्द्धन गर्ने,
- शीतोष्ण फलफूल विकास सम्बन्धी राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमामा राष्ट्रिय फलफूल विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य गर्ने,
- शीतोष्ण फलफूलका प्रसारण सामग्री उत्पादन तथा वितरण गर्ने,
- शीतोष्ण फलफूल उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम प्रदान गर्ने,
- सम्बन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- शीतोष्ण फलफूल विकास सम्बन्धमा नजिकको कृषि अनुसन्धान केन्द्र/ज्ञान केन्द्रसँग समन्वय एवम् सहकार्य गर्ने,
- फार्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार तथा सुबिधाको उपयोग गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,

- शीतोष्ण फलफूल विकास सम्बन्धमा राष्ट्रिय सोत केन्द्रको रुपमा कार्य गर्ने,
- समयमा कार्यसम्पादनको प्रगति विवरण राष्ट्रिय फलफूल विकास केन्द्रलाई उपलब्ध गराउने,

## ५. उष्ण प्रदेशीय बागवानी केन्द्र, नवलपुर, सर्लाही

उष्ण तथा उपोष्ण प्रदेशीय फलफूल र तरकारी बालीहरूको उच्च गुणस्तर युक्त बिरुवा एवम् बीउ उत्पादन गरी माग आपूर्ति गर्न वि.सं. २०२९ साल आषाढ १२ गते बृहत बागवानी केन्द्रको रुपमा यस केन्द्रको विधिवत स्थापना भएको हो । मधेश प्रदेश अन्तर्गत सर्लाही जिल्लाको लालबन्दी नगरपालिका-१ मा अवस्थित यस केन्द्र उष्ण तथा न्यानो समशीतोष्ण फलफूल, तरकारी तथा आलङ्कारिक बोटहरूको उच्च गुणस्तरीय बीउ एवम् बिरुवाको उत्पादन गरी आपूर्ति गर्ने र सो बालीहरूको उपयुक्त जात र खेती प्रविधिको खोजी एवम् विकास गरी कृषक समक्ष पुऱ्याई उनीहरूको जीवनस्तर माथि उकास्ने मुख्य उद्देश्यका साथ स्थापना भएको हो । यस केन्द्रको स्थापना पश्चात समयानुकुल कृषि निकायको संगठनात्मक संरचनामा हेरफेर एवम् परिवर्तन भए बमोजिम वि.सं. २०२९।०३।१२ देखि २०२९।०९।०८ सम्म फलोद्यान विभाग, वि.सं. २०२९।०९।०९ देखि २०४४ आषाढसम्म कृषि विभाग, २०४४ श्रावणदेखि २०४७ आषाढसम्म राष्ट्रिय कृषि अनुसन्धान तथा सेवा केन्द्र, वि.सं. २०४७ श्रावण देखि २०४९ आषाढसम्म बागवानी विभाग, २०४९ श्रावण देखि २०५२ आषाढसम्म कृषि विकास विभाग र २०५२ श्रावण देखि २०५८।०६।११ सम्म कृषि विभाग अन्तर्गत फलफूल तथा तरकारी विकास निर्देशनालयको प्राविधिक तथा मध्यमाञ्चल क्षेत्रीय कृषि निर्देशनालयको प्रशासनिक निर्देशनमा सञ्चालन भई वि.सं. २०५८।०६।१२ देखि कृषि विभाग अन्तर्गत फलफूल विकास निर्देशनालयको प्रत्यक्ष प्रशासनिक एवम् प्राविधिक निर्देशनमा कार्यक्रमहरू सञ्चालन हुंदै आइरहेकोमा वि.सं. २०७५ श्रावण देखि राष्ट्रिय फलफूल विकास केन्द्र अन्तर्गत सङ्घीय फार्मको रुपमा सञ्चालन हुँदै आएको छ । कृषि क्षेत्रमा हुने समयानुकुल संगठनात्मक संरचनाको परिवर्तनसँगै यस केन्द्रको नामाकरणमा पनि हेरफेर हुँदै आईरहेकोमा २०६१ वैशाख देखि यसको नाम उष्ण प्रदेशीय बागवानी केन्द्र रहन गएको छ ।

यस केन्द्रमा भारत, पाकिस्तान, अमेरिका, थाइलैण्ड लगायत नेपालका विभिन्न सरकारी तथा निजी फार्म केन्द्रहरूबाट विभिन्न फलफूल, तरकारी एवम् आलङ्कारिक बोटबिरुवाका बीउ एवम् बिरुवा ल्याई जातीय संरक्षण तथा सम्वर्द्धन गरेको छ । जस अनुसार आँपमा आम्रपाली, मल्लिका, निलम सहित ३५ जात, लिचीमा ९ जात, अम्बामा ६ जात, केरामा ५ जात, एभोकाडोमा ५ जात, नरिवलमा २ जात, रुखकटहरमा ३ जातका साथै सपोटा, काठे बदाम, मेकाडेमियानट, सुपारी, बडहर, अनार, बयर, इमली आदि तथा तरकारी बाली तर्फ गोलभेंडामा ५ जात, आलुमा ७ जात, भण्टामा ३ जात, काउलीमा २ जात, मूलामा २ जातका साथै रामतोरीया, लौका, काँक्रा, फर्सि, घिरौला, बोडी आदि र आलङ्कारिक बोट तर्फ गुलाबमा ७७ जात, बोगेनबेलीयामा २४ जात,

क्रोटनमा २५ जात, पाममा ७ जात, रबर प्लान्टमा ३ जातका साथै मालती, धुपी, अशोक, गुनकेशरी, रुद्राक्ष र सुगन्ध कोकीला जस्ता अनेकौ बोटबिरुवाहरूको माउबोटहरू लगाई तिनको जातीय संरक्षण, सम्वर्द्धन गरी उपयुक्त जातहरूको बीउ, बेर्ना, बिरुवा उत्पादन गरी कृषकस्तरमा बिक्री बितरण गरिन्छ।

कूल १८५.५४ हेक्टर क्षेत्रफल रहेको यस केन्द्रको औषत अधिकतम तापक्रम ३१° से. र औषत न्यूनतम तापक्रम २०° से. रहेको छ भने गर्मी महिना वैशाख (आषाढको अधिकतम तापक्रम ४२° से. र जाडो महिना पौष, माघको न्यूनतम तापक्रम ४° से. सम्म रहेको पाइन्छ। यहाँको वार्षिक सरदर वर्षा १६९९.६ मि.मि. रहेको छ। कूल वर्षाको करिब ८०५ मि.मि. आषाढदेखि भदौसम्म हुन्छ।

### कार्य विवरण

- आँप, लिची, केरा, भूइकटहर लगायतका उष्णप्रदेशीय फलफूलको जातीय संरक्षण एवम् सम्वर्द्धन,
- उष्ण प्रदेशीय फलफूल विकास सम्बन्धी राष्ट्रिय व्यवसायिक नीति तथा योजना तर्जुमामा राष्ट्रिय फलफूल विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य,
- उष्ण प्रदेशीय फलफूलका प्रसारण सामग्री उत्पादन तथा वितरण,
- उष्ण प्रदेशीय फलफूल उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम प्रदान गर्ने,
- सम्बन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- उष्ण प्रदेशीय फलफूल विकास सम्बन्धमा नजिकको कृषि अनुसन्धान केन्द्र तथा ज्ञान केन्द्रसँग समन्वय एवम् सहकार्य गर्ने,
- फार्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- उष्ण प्रदेशीय फलफूल विकास सम्बन्धमा राष्ट्रिय स्रोत केन्द्रको रुपमा कार्य गर्ने,
- समयमा कार्यसम्पादनको प्रगति विवरण राष्ट्रिय फलफूल विकास केन्द्रलाई उपलब्ध गराउने।

## ५. व्यवसायिक कीट विकास केन्द्र, हरिहरभवन

कृषि पेशालाई व्यावसायिक रुपमा विकास गर्न कृषकहरूको श्रम तथा स्थानीय स्रोत साधनको सदुपयोग गरी आर्थिक विकासमा टेवा पुऱ्याउन औद्योगिक महत्वका रेशम, मौरी र च्याउ जस्ता बालीहरूको विकासको लागि सही नीति निर्देशन एवम् प्राविधिक सेवा विस्तार गर्ने उद्देश्यले वि.सं. २०५२।०४।०१ मा कृषि विभाग अन्तर्गत व्यावसायिक कीट विकास महाशाखाको रुपमा स्थापना भई सञ्चालन हुदै आएको यो

कार्यालय वि.सं. २०५७।०४।०१ देखि व्यावसायिक कीट विकास निर्देशनालय नामाकरण भई कार्यरत रही आएको र २०७४।०४।०१ देखि देशको सङ्घीय नयां सागठनिक संरचना अनुसार व्यवसायीक कीट विकास केन्द्रको रुपमा काम गर्दै आएको छ ।

बहुसंख्यक श्रमजीविहरूको आर्थिक एवम् सामाजिक सुधार गर्न स्थानीय स्रोत परिचालन गरी स्थानीय विकास गर्नु सबैभन्दा महत्वपूर्ण र आधारभूत प्रक्रिया मानिएको सन्दर्भमा अशिक्षा, गरिबी र अन्य कतिपय कारणहरूले गर्दा अधिक श्रम जगेडा भई अनुत्पादक रुपमा रहेको श्रम साधनालाई उपयोगमा ल्याउन औद्योगिक श्रम प्रधान व्यावसाय भएको र कूल लगानीको करिब ६०% श्रम पारिवारिक प्रयासबाटै आपूर्ति हुने हुँदा यी बालीहरूको विकास गरी गुणस्तरीय रेशम, मह, मैन तथा च्याउजन्य वस्तुहरूको उत्पादन बृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन समेत गर्न सकिन्छ । ग्रामीण क्षेत्रमा आयमूलक रोजगारीका अवसरहरू श्रृजना गर्न रेशम खेती, मौरीपालन र च्याउ खेतीलाई अघि बढाउने नीति अनुरुप व्यावसायिक कीट विकास केन्द्र अन्तर्गत निम्न तीन प्रकारका कार्यक्रमहरू समाहित छन् :

१. रेशम खेती बिकास कार्यक्रम
२. मौरीपालन विकास कार्यक्रम
३. च्याउ खेती विकास कार्यक्रम

यी व्यावसायिक बालीहरूको विकासको लागि साविकको निर्देशनालय अन्तर्गत रेशम खेती विकास कार्यक्रम तर्फ सम्भाव्य भौगोलिक क्षेत्रका आधारमा विभिन्न ९ (नौ) वटा र मौरीपालन विकास कार्यक्रम तर्फ २ (दुई) शाखा कार्यालयहरू संचालितमा रहेका थिए । नयाँ संरचना अनुसार यस केन्द्र अन्तर्गत रेशम खेतीतर्फ रेशम विकास केन्द्र, खोपासी र मौरी विकास तर्फ मौरी विकास केन्द्र, गोदावरी गरी २ वटा फर्म मात्र यस केन्द्र अन्तर्गत राखी अरु सबै फर्म केन्द्रहरू सम्बन्धित प्रदेशमा हस्तान्तरण गरीएका छन् । च्याउ खेती विकास कार्यक्रम तर्फ भने हालसम्म छुट्टै शाखाको स्थापना हुन सकेको छैन । यसरी स्थापीत फर्म केन्द्रहरू, प्रदेशस्तरका फर्म केन्द्रहरू, स्थानीय निकायहरू र सम्बन्धित सरकारी तथा गैह्र-सरकारी संघ संस्था, कृषकहरूसँग आवद्ध भई व्यावसायिक कीट विकास कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

## दुरदृष्टि

आधुनिक तथा व्यावसायिक कृषि क्षेत्र ।

# संगठनात्मक संरचना

व्यावसायीक कीट विकास केन्द्रको सांगठनिक संरचना

| प्रमुख | |
|---|---|
| रा.प.प्र.प्रा., बाली संरक्षण | १ |

| प्राबिधिक शाखा | |
|---|---|
| रा.प.द्वि.प्रा. (बाली संरक्षण) | १ |
| रा.प.तृ.प्रा. (बाली संरक्षण) | ३ |
| रा.प.अनं.प्र.प्रा. (बाली सं.) | १ |
| जम्मा | ५ |

| योजना, अनुगमन तथा समन्वय शाखा | |
|---|---|
| रा.प.द्वि.प्रा. (बाली संरक्षण) | १ |
| रा.प.तृ.प्रा. (बाली संरक्षण) | १ |
| रा.प.तृ.प्रा. (कृषि प्रसार) | १ |
| रा.प.अनं.प्र.प्रा. (एग्री इको) | १ |
| जम्मा | ४ |

| प्रशासन शाखा | |
|---|---|
| लेखापाल रा प अ प्र प्र | १ |
| नायब सुब्बा (रा.प.अनं.प्र.प्र.) | १ |
| कम्प्युटर अपरेटर | १ |
| खरीदार रा प अ द्वी प्र | १ |
| हलुका सवारी चालक (श्रेणीविहिन) | २ |
| कार्यालय सहयोगी (श्रेणीविहिन) | ३ |
| जम्मा | ९ |

| मौरी विकास केन्द्र, गोदावरी | |
|---|---|
| रा.प.द्वि.प्रा. (बाली संरक्षण) | १ |
| रा.प.तृ. (बाली संरक्षण) | २ |
| रा.प.तृ. (कृषि प्रसार) | १ |
| रा.प.अनं.प्र.प्रा. (बाली संरक्षण) | ३ |
| रा.प.अनं.द्वि.प्रा. (बाली संरक्षण) | २ |
| रा.प.अनं.द्वि.प्र. (लेखा) | १ |
| रा.प.अनं.द्वि.प्र. (प्रशासन) | १ |
| हलुका सवारी चालक | १ |
| कार्यालय सहयोगी (श्रेणीविहिन) | ५ |
| जम्मा | १७ |

| रेशम विकास केन्द्र, खोपासी | |
|---|---|
| रा.प.द्वि.प्रा. (बाली संरक्षण) | १ |
| रा.प.तृ. (बाली संरक्षण) | २ |
| रा.प.तृ. (कृषि प्रसार) | १ |
| रा.प.अनं.प्र.प्रा. (बाली संरक्षण) | ३ |
| रा.प.अनं.द्वि.प्रा. (बाली संरक्षण) | १ |
| रा.प.अनं.द्वि.प्र. (लेखा) | १ |
| रा.प.अनं.द्वि.प्र. (प्रशासन) | १ |
| हलुका सवारी चालक | १ |
| कार्यालय सहयोगी (श्रेणीविहिन) | ६ |
| जम्मा | १७ |

## कार्य विवरण

- व्यावसायिक कीट विकास अन्तर्गत पर्ने मौरी, रेशम, च्याउ लगायतका वस्तुहरूको प्रवर्द्धनका लागि देशको फोकल कार्यालयको रूपमा काम गर्ने,
- व्यावसायिक कीट सम्वद्ध सङ्घीय संरचनामा पर्ने फार्म/केन्द्रहरूलाई नीति तथा कार्यक्रमगत पृष्ठपोषण एवम् व्यवस्थापकिय पक्षमा कृषि विभागलाई परामर्श उपलब्ध गराउने,
- मौरी, रेशम, च्याउ लगायतका वस्तुहरूको राष्ट्रिय महत्वका विशेष उत्पादन कार्यक्रम तर्जुमा, सञ्चालन तथा कार्यान्वयन व्यवस्था मिलाउने,

- मौरी, रेशम, च्याउ लगायतका वस्तुहरूको समग्र विकासका लागि मूल्य अभिवृद्धि शृङ्खलामा आधारित पद्धति अनुरूप अगाडि बढाउन मूल्य शृङ्खलाका संवाहकको पहिचान, क्षमता अभिवृद्धि, मूल प्रवाहीकरण गर्दै उपभोग योग्य वस्तु तयारी तथा बजारीकरणमा सहजीकरण गर्ने,
- मौरी, रेशम, च्याउ लगायतका वस्तुहरूको विकाससँग सम्बन्धित समस्या पहिचान, विश्लेषण तथा समाधानका लागि कृषि विभागलाई नीतिगत सुझाव पेश गर्ने,
- नेपाल कृषि अनुसन्धान परिषद्, कृषि तथा वन विश्वविद्यालय, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान लगायत राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ/संस्थाको समन्वयमा व्यावसायिक कीट विकास शिक्षा-अनुसन्धान-प्रसारको अन्तरसम्बन्ध कायम गर्दै नविनतम प्रविधि प्रवर्द्धन तथा प्रसारणको व्यवस्था मिलाउने,
- व्यावसायिक कीट सम्बद्ध विषयमा राष्ट्रियस्तरमा विशेषज्ञ सेवा एवम् सम्बन्धित प्रसारण सामग्रीहरूको उत्पादन तथा वितरणको व्यवस्था मिलाउने,
- व्यावसायिक कीट विकासमा संलग्न निजी तथा गैरसरकारी संस्थाहरूको तथ्याङ्क सङ्कलन तथा राष्ट्रिय डाटावेश तयार एवम् अद्यावधिक गर्ने,
- व्यावसायिक कीट विकास सम्बन्धी प्रवर्द्धन गर्ने नीति (रेशम र च्याउ समेत), ऐन, नियम, निर्देशिका र कार्यविधिको मस्यौदा तयार गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा समन्वय र पहल गर्ने,
- मौरी, रेशम र च्याउसँग सम्बन्धित उत्पादन सामग्री र उत्पादनहरूको गुणस्तर र मापदण्ड तयार एवम् अद्यावधिक गर्ने,
- प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी मौरी, रेशम र च्याउसँग सम्बन्धित उत्पादन सामग्रीको उपलब्धता र आपूर्तिको सुनिश्चितताको लागि स्रोत केन्द्रहरूको पहिचान तथा राष्ट्रिय वासलात तयार गर्ने,
- स्रोत केन्द्रहरूको अनुगमन मूल्याङ्कनको आधारमा व्यवसाय दर्ता र खारेजीको आवश्यक व्यवस्था मिलाउने,
- मौरी प्रवर्द्धन नीति, २०७३ मा व्यवस्था भएका विषय वस्तुको कार्यान्वयनका लागि आवश्यक पर्ने ऐन नियमहरूको निर्माण गरी पूर्ण कार्यान्वयनमा ल्याउन पहल गर्ने ।

## सम्पर्क


- हरिहरभवन, ललितपुर
- फोनः ०१-५५२४२२५, ०१-५०१००९०
- बेभसाईटः www.cied.gov.np
- इमेलः doiednepal@gmail.com

## मातहतका कार्यालयहरु

### १. मौरी विकास केन्द्र, गोदावरी

मौरीपालन व्यवसाय नेपालको पुर्ख्यौली पेशा हुनु, प्राकृतिक चरनको उपलब्धता, उपयुक्त हावापानी आदि कारणले मौरीपालन व्यवसायको प्रचुर सम्भावना देखिएको सन्दर्भमा यही व्यवसायमार्फत गरिब जनताको जीवनस्तर उकास्नमा मद्दत पुगोस् भन्ने हेतुले मौरीपालन व्यवसायको विकास र विस्तारको जिम्मेवारी दिई तत्कालीन कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग अन्तर्गत मौरीपालन विकास शाखाको स्थापना भएको थियो । यस कार्यालयको स्थापना २०३७/३८ सालमा "विशेष मौरीपालन कार्यक्रम" भनी एउटा सानो एकाइको रुपमा रेशम खेती विकास शाखासँगै खोपासीमा भएको थियो । यसपछि तत्कालीन राजा विरेन्द्रबाट निर्देशन भए बमोजिम मौरीपालन कार्यक्रमलाई कृषि विभाग अन्तर्गत केन्द्रीयस्तरको कार्यालयको रुपमा "मौरीपालन केन्द्र" को नामबाट आ.व. २०४२/४३ मा गोदावरीमा स्थापना गरिएको हो । यस क्रममा कार्यालयको काम, प्रकृति र उद्देश्यलाई दृष्टिगत गरी आ.व. २०४९/५० मा "मौरीपालन केन्द्र" को नाम परिवर्तन गरी "मौरी विकास कार्यक्रम" राखियो । पुनः आ.व. २०५२/५३ मा यस कार्यालयलाई व्यावसायिक कीट विकास निर्देशनालयको मातहतको शाखाको रुपमा कायम गरी "मौरी विकास शाखा" भनेर नामाकरण गरियो । तत्कालीन कृषि तथा सहकारी मन्त्रालय, कृषि विभागको स्वीकृत संरचना (आ.व. २०६१/६२) अनुसार उक्त शाखाको परिमार्जित नाम "मौरीपालन विकास शाखा" रहेको थियो ।

वि.सं. २०७२ को नेपालको संविधान बमोजिम राज्यको पुर्नसंरचना पश्चात् मिति २०७४।०४।०१ देखि उक्त शाखा मौरी विकास केन्द्रको रुपमा नामाकरण भएको छ । ललितपुर जिल्लाको गोदावरी न.पा. वडा नं. २ को गोदावरीमा अवस्थित यो कार्यालय राष्ट्रिय वनस्पति उद्यानसँगै जोडिएको छ । जिल्ला सदरमुकामबाट ११.२ किलोमिटर दक्षिणपूर्वमा अवस्थित यो कार्यालय र समुन्द्रसतहदेखि १५३० मीटर (५१०० फिट) को उचाइमा रहेको छ ।

#### कार्य विवरण

- मौरीको प्रजाती संरक्षण, सम्वर्द्धन एवम् वंश सुधारको लागि सरकारी, गैह्र सरकारी एवम् निजी सरोकारवाला संघ सस्थाहरूसँग समन्वय गर्ने,
- मौरीपालन विकास र विस्तारको लागि राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमा व्यावसायिक कीट विकास केन्द्रलाई पृष्ठपोषण गर्ने,
- मौरी स्रोतकेन्द्रको स्तरोन्नतीका लागि तालिम, प्रविधि विस्तार, प्राविधिक सेवा टेवा तथा अनुगमन निरीक्षण लगायत आवश्यक गतिविधि सञ्चालन गर्ने,
- नविनतम प्रविधिको उपयोग गरी मौरीपालन विकास र विस्तारको लागि उत्पादक कृषक एवम् उद्यमीलाई तालिम प्रदान गर्ने,
- मौरी सम्बन्धी विषयमा विशेषज्ञ तथा प्रशिक्षण सेवा प्रदान गर्ने,

- मौरीपालन विकास र विस्तारका सम्बन्धमा कृषि अनुसन्धान केन्द्र, कृषि ज्ञान केन्द्र तथा स्थानीय तहसँग समन्वय एवम् क्षमता अभिबृद्धि सम्बन्धी कार्य गर्ने,
- फार्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,
- मौरी सम्बन्धी समस्या समाधानका लागि कार्यमुखी (Action research) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- मौरीपालनसँग सम्बन्धित उनन्नत प्रविधिको प्रदर्शन सञ्चालन, प्रविधि विकास तथा विस्तार गर्ने,
- स्थानीय प्रजातिका मौरी संरक्षण, चरन संरक्षण, भौगोलिक चरन पात्रो तयारी, पात्रो अद्यावधिक र समृद्ध बनाउदै जैविक विविधता संरक्षणमा टेवा पुऱ्याउने,
- आम जनसमुदाय बीच मह सेवन र परागसेचन बारे जनचेतनामूलक गतिविधि परिचालन गर्ने,
- मौरी चरन क्षेत्रको पहिचान, सर्भे, संरक्षण र विस्तार गरी वातावरण संरक्षण र सम्वर्द्धन गर्ने,
- गुणस्तरीय मह बजारीकरणमा नेपाली महको प्रवर्द्धन गर्न आवश्यक गतिविधि सञ्चालन गर्ने,
- प्रभावकारी योजना तर्जुमा, कार्यन्वयन तथा मूल्याङ्कनका लागि मौरीपालन क्षेत्र (मौरी स्रोत केन्द्र, मौरीगोला, कृषक व्यवसायी, मह उत्पादन र खपत) को डाटावेस तयार तथा अद्यावधिक गर्ने,
- मौरीमा आधारित एपि टुरिजम विकास र विस्तारमा सहजीकरण गर्ने ।

## २. रेशम विकास केन्द्र, खोपासी, काभ्रे

सन् १९७१ मा १० वर्षे कृषि आयोजना लागू भएको समयमा व्यावसायिक महत्वका कीराहरूको विकास गर्ने उद्देश्यले सन् १९७५/७६ मा खोपासीमा व्यावसायिक कीट विज्ञान आयोजनाको नामले मौरी सहित रेशम खेती केन्द्रको स्थापना भयो । वि.सं. २०४२ सालमा स्वर्गीय राजा विरेन्द्रबाट मध्यमाञ्चल क्षेत्रीय विकास भ्रमणको क्रममा खोपासी केन्द्रको निरीक्षणपछि मौरीपालनलाई खोपासीबाट ललितपुरको गोदावरीमा सारियो र २०४३ सालदेखि खोपासीले रेशम खेती कार्यक्रम मात्र सम्हाल्दै आएको छ । आ.व. २०५२/५३ देखि कृषि विभागको सांगठनिक ढाँचामा भएको परिवर्तन पश्चात् यसको नाम रेशम खेती विकास शाखा, खोपासी कायम भई कार्यक्रम सञ्चालन हुँदै आएको थियो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभागको स्वीकृत संरचना अनुसार २०७४।०४।०१ देखि रेशम खेती विकास शाखा सङ्घीय संरचना बमोजिम पुनः संरचना भए अनुसार परिमार्जित गरी रेशम विकास केन्द्र कायम भएको छ । यो कार्यालय काठमाडौं देखि ३५ कि.मि. पूर्व काभ्रेपलाञ्चोक जिल्ला स्थित पनौती न.पा. वडा नं. १० खोपासीमा रहेको छ ।

## कार्य विवरण

- विभिन्न रेशम कीरा प्रजातीहरूको मातृसोतको संरक्षण सम्वर्द्धन एवम् विकास गर्ने,
- सिफारिस रेशम कीराको जातको अण्डा उत्पादन गरी विभिन्न सरकारी फार्म केन्द्र, कृषक समूह तथा सहकारीहरूलाई आपूर्ति व्यवस्था मिलाउने,
- रेशम कीरापालन विकास र विस्तारको लागि राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमामा व्यावसायिक कीट विकास केन्द्रलाई पृष्ठपोषण गर्ने,
- नविनतम प्रविधिको उपयोग गरी रेशम कीरापालन, विकास र विस्तारको लागि उत्पादक कृषक एवम् उद्यमीलाई तालिम प्रदान गर्ने,
- रेशम सम्बन्धी विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- रेशम कीरापालन प्रविधिको विकास र विस्तारका सम्बन्धमा नजिकको कृषि अनुसन्धान केन्द्र तथा ज्ञान केन्द्रसँग समन्वय एवम् सहकार्य गर्ने,
- फार्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- रेशम प्रशोधन गरी धागो, कपडा तथा रेशमजन्य उद्योग प्रवर्द्धन निजी क्षेत्रको क्षमता विकास गर्ने,
- रेशम कीरापालनसँग सम्वन्धित उन्नत प्रविधिको प्रदर्शन सञ्चालन गर्ने,
- रेशम कीरापालन, विकास र विस्तारका लागि राष्ट्रिय स्रोतकेन्द्रको रुपमा कार्य गर्ने,
- रेशम सम्बन्धी विभिन्न नविनतम प्रविधिहरूको Package of practice तयार गरी ICT मार्फत प्रचार प्रसार तथा वितरण गर्ने,
- किम्वु तथा रेशमको स्रोत केन्द पहिचान, तथ्याङ्क संकलन र अध्यावधिक कार्यमा सहजिकरण गर्ने,
- संघ, प्रदेश र स्थानीय तहमा रही रेशम सम्बन्धी काममा संलग्न प्राविधिक जनशक्ति विकास गर्ने,
- किम्वु तथा रेशम कीराका जातहरूको विरुवा तथा अण्डाका माग तथा आपूर्ति सम्बन्धित वार्षिक वासलत तथा माग आपूर्तिको प्रक्षेपण गर्ने,
- रेशम कीरापालनमा संलग्न व्यवसायी समूह तथा सहकारीहरूलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने ।

## ६. केन्द्रीय कृषि प्रयोगशाला (माटो, बीउ, बाली संरक्षण), हरिहरभवन

तत्कालीन अवस्थामा नेपाल सरकारको २०४९, २०५२ र २०६१ को संगठनात्मक सुधारसँगै कृषि विभाग अन्तर्गत स्थापित माटो व्यवस्थापन निर्देशनालय, बाली संरक्षण निर्देशनालय र बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र अन्तर्गत रहेको बीउबिजन प्रयोगशाला गाभिएर नेपालको संविधानले निर्दिष्ट गरे अनुरूप राज्य पुनः संरचनासँगै हालै वि.सं. २०७५ सालमा यस केन्द्रीय कृषि प्रयोगशालाको स्थापना भएको हो । यस प्रयोगशालालाई राष्ट्रियस्तरमा प्रयोगशाला स्थापना एवम् सञ्चालनको मापदण्ड तर्जुमा, नियमनकारी मान्यता प्रदायक निकाय तथा रेफ्रेन्स प्रयोगशालाका रूपमा विकास गर्ने उद्देश्यका साथ ललितपुरको हरिहरभवनमा साविकको माटो व्यवस्थापन निर्देशनालयमा केन्द्रीय कार्यालय र हरिहरभवन अवस्थित साविकका प्रयोगशालाहरू रहेका स्थानहरूबाटै प्रयोगशाला सञ्चालन हुने गरी स्थापना भएको छ । हाल यस अन्तर्गत माटो तथा मल परीक्षण शाखा, बीउबिजन परीक्षण शाखा र बाली संरक्षण शाखा रहेका छन् । यी ३ वटै प्रयोगशाला सेवाको साथमा रिफरेन्स प्रयोगशालाको रूपमा काम गर्ने कार्य विवरणका साथ केन्द्रीय कृषि प्रयोगशाला स्थापना भएको छ ।

### दृष्टिकोण

अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त प्रयोगशाला सेवाबाट कृषि उत्पादनका सामग्री (माटो, मल, बीउ, विषादी ईत्यादि) को गुणस्तर सुनिश्चित गर्दै उत्पादन र उत्पादकत्व वृद्धिबाट कृषिको व्यावसायीकरण, विविधीकरण र आयात प्रतिस्थापन गर्दै खाद्य सुरक्षामा टेवा पुऱ्याउने ।

### लक्ष्य

- राष्ट्रियस्तरमा सरकारी, निजी एवम् गैरसरकारी संस्थाबाट सञ्चालित प्रयोगशालाहरूको मापदण्ड तथा स्तर निर्धारण गर्ने,
- समकक्षिकरण, प्रमाणीकरण तथा मान्यता प्रदायक निकायको रूपमा कार्य गर्ने,
- सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित प्रयोगशालाहरूको अनुगमन तथा नियमन गर्ने ।

### उद्धेश्य

- कृषि क्षेत्रको प्रयोगशाला सम्बन्धी नीति निर्माणमा सहयोग, नीति कार्यान्वयन, अनुगमन, नियमन एवम् प्राविधिक सेवा प्रदान गर्ने,
- गुणस्तरिय प्रयोगशाला (अन्तर्राष्ट्रिय मान्यता प्राप्त) को निर्माण एवम् Reference Lab को रूपमा सञ्चालन गर्ने,
- खाद्य तथा पोषण सुरक्षामा प्रयोगशालाको तर्फबाट टेवा पुऱ्याउने ।

## रणनीति

- नीति निर्माण एवम् कार्यान्वयनमा बहुसरोकारवाला निकायहरूसँग समन्वय,
- राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मापदण्डको आधारमा अनुगमन एवम् नियमन,
- अन्तर्राष्ट्रिय एवम् देशका अन्य प्रयोगशालासँग समन्वय गरी प्रयोगशाला सेवा सञ्चालन,
- खाद्य तथा पोषण सुरक्षाका बहुसरोकारवालासँग कार्यगत समन्वय ।

## कार्य विवरण

- राष्ट्रियस्तरमा प्रयोगशाला स्थापना एवम् सञ्चालनको मापदण्ड निर्धारण,
- निजी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित प्रयोगशालाहरूको स्तर निर्धारण,
- समकक्षिकरण, प्रमाणीकरण तथा मान्यता प्रदायक निकायको रूपमा कार्य गर्ने,
- अन्तर्राष्ट्रिय प्रत्यायन सम्बन्धी कार्यहरू,
- प्राङ्गारिक प्रमाणीकरण तथा सर्टिफिकेसन सम्बन्धी कार्यहरू,
- सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित प्रयोगशालाहरूको अनुगमन तथा नियमन ।

### सम्पर्क

- हरिहरभवन, ललितपुर
- फोन: ०१-५५२०३१४
- वेभसाईट: www.centralaglab.gov.np
- इमेल : centralaglab.sspp@gmail.com

## मातहतका विषादी अवशेष द्रुत विश्लेषण एकाइ

विषादी अवशेष द्रुत विश्लेषण एकाइ, कालिमाटी, काठमाडौँ ।
विषादी अवशेष द्रुत विश्लेषण एकाइ, विर्तामोड, झापा ।
विषादी अवशेष द्रुत विश्लेषण एकाइ, नवलपुर, सर्लाही ।
विषादी अवशेष द्रुत विश्लेषण एकाइ, पोखरा, कास्की ।
विषादी अवशेष द्रुत विश्लेषण एकाइ, नेपालगञ्ज, बाँके ।
विषादी अवशेष द्रुत विश्लेषण एकाइ, अत्तरिया, कैलाली ।
विषादी अवशेष द्रुत विश्लेषण एकाइ, बुटवल, रूपन्देही ।

# संगठनात्मक संरचना

### प्रमुख

रा.प.प्र.प्रा.(नेपाल कृषि/समूहकृत नहुने)-१

### बीउ विजन परीक्षण शाखा

वरिष्ठ बाली विकास अधिकृत, रा.प.द्वि.प्रा. नेपाल कृषि/बाली विकास-१
बाली विकास अधिकृत, रा.प.तृ.पा. नेपाल कृषि/बाली विकास-१
वागवानी विकास अधिकृत, रा.प.तृ.पा. नेपाल कृषि/वागवानी-१
प्राविधिक सहायक, रा.प.अन.प्र.प्रा. नेपाल कृषि/वागवानी-१
प्राविधिक सहायक, रा.प.अन.प्र.प्रा. नेपाल कृषि/वागवानी-१
ल्याब ब्वाय, रा.प.अन.द्वि.प्रा. नेपाल कृषि/बाली विकास-१

### माटो तथा मल परीक्षण शाखा

वरिष्ठ माटो विज्ञ, रा.प.द्वि.प्रा. नेपाल कृषि/स्वाइल साइन्स-१
माटो विज्ञ, रा.प.तृ.प्रा. नेपाल कृषि/स्वाइल साइन्स-२
प्राविधिक सहायक, रा.प.अन.प्र.प्रा. नेपाल कृषि/स्वाइल साइन्स-२
ल्याब ब्वाय, रा.प.अन.द्वि.प्रा. नेपाल कृषि/स्वाइल साइन्स-१

### बाली संरक्षण शाखा

वरिष्ठ बाली संरक्षण अधिकृत, रा.प.द्वि.प्रा. नेपाल कृषि/बाली संरक्षण-१
बाली संरक्षण अधिकृत, रा.प.तृ.प्रा. कृषि बाली संरक्षण-२
प्राविधिक सहायक, रा.प.अन.प्र. प्रा नेपाल कृषि/बाली संरक्षण-१
ल्याब ब्वाय, रा.प.अन.द्वि.प्रा.नेपाल कृषि/बाली संरक्षण-१

### प्रशासन शाखा

लेखापाल, (रा.प.अनं.प्र.प्र./लेखा)-१
कम्प्यूटर अप्रेटर, रा.प.अनं. प्र.प्रा./विविध)-१
ना. सु., (रा.प.अनं.प्र.प्र./सा. प्रशासन)-१
खरिदार, (रा.प.अनं.द्वि./सा. प्रशासन)-१
ह.स.चा., (श्रेणी विहिन/इन्जि./मेका.)-४
का.स., (श्रेणी विहिन/अप्र./प्रशासन)-४

# कृषि विभाग अन्तर्गतका आयोजनाहरू

| आयोजनाहरू | सम्पर्क विवरण | मुख्य उद्देश्य |
|---|---|---|
| रानी जमरा कुलरीया सिँचाइ योजना | कृषि कार्यक्रम कार्यान्वयन एकाइ टिकापुर, कैलाली<br>**फोन**: ०९१-५६१४१४, ५६१४१५<br>**ई–मेल**: rjkis_aciu@gmail.com | आयोजनाको कृषि उत्पादन सहयोग आयाम अन्तर्गत कृषि वस्तुहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, उच्च मूल्य जाने कृषि वस्तुहरूको प्रशोधन बजारकरणमा सहयोग पुर्‍याउने, जल उपभोक्ता समूह तथा सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने, उच्च मूल्यका कृषि वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरणमा बढी भन्दा बढी महिलाहरूको सहभागिता वृद्धि गरी उनीहरूको समाजिकस्तरमा वृद्धि ल्याउने । |
| पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना | राष्ट्रिय फलफूल विकास केन्द्रका प्रमुखले आयोजना निर्देशकको रूपमा काम गर्दछन् । | नेपालका मध्यपहाडी क्षेत्रमा फलफूल बालीको बगैँचा विस्तार गरी फलफूल तथा काष्ठफलको उत्पादन वृद्धि गर्दै मूल्य शृङ्खला प्रवर्द्धन मार्फत ग्रामिण रोजगारी सिर्जना गर्दै कृषकहरूको आयस्तर वृद्धि गर्ने उद्देश्यका साथ नेपाल सरकार, एशियाली विकास बैँकको सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग, विश्व कृषि तथा खाद्य कार्यक्रमको अनुदान सहयोग र नेपाल सरकारको सहलागानीमा आ.व. २०७९/८० देखि २०८६/८७ सम्म सञ्चालन हुने गरी पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (Nuts and Fruits in Hilly Areas Project– NAFHA) देशका ५ वटा प्रदेशका ३४ जिल्लाका १०० वटा स्थानीय तहहरूमा लागू भएको छ । |


व्यावसायिक कीट विकास केन्द्र






केन्द्रीय कृषि प्रयोगशाला
Central Agricultural Laboratory





नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कृषि विभाग**
हरिहरभवन, ललितपुर